# जिल्ला विकास समितिको कार्यालय, धनकुटा

को

# सामाजिक परीक्षण प्रतिवेदन

(आ.व. २०६९/७०)

२०७० कार्तिक २९ गते ।

# जिल्ला विकास समितिको कार्यालय, धनकुटा

# को

# सामाजिक परीक्षण प्रतिवेदन

आ.ब. २०६९/७०

**सामाजिक परीक्षक**

विदुर सुवेदी
धनकुटा ७, हुलाकटोल
सम्पर्क फोन : ९८५२०६०७९७
इमेल : subedibg@gmail.com

**२०७० कार्तिक २९ गते ।**

# धनकुटा जिल्लाको नक्सा



**भूमिका :**

जिल्ला विकास समिति धनकुटाले अघिल्लो आर्थिक वर्ष देखि सामाजिक दायित्व पुरा गरे नगरेको सम्वन्धमा सामाजिक परीक्षण गर्न लागि शुरु गरेको थियो । स्थानीय निकाय ( आर्थिक प्रशासन) नियमावली, २०६४ का नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ । स्थानीय निकायको सामाजिक परीक्षण गर्नका लागि स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कायविधि २०६७ जारी गरेको छ । सोही कार्यविधिको परिधी भित्र रहेर गरिएको यो परीक्षणले धनकुटा जिल्लाको सामाजिक विकासको अवस्थाको प्रतिनिधित्व गर्दछ । यो परीक्षणमा जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र साझेदार गैससहरु समेतले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र जिल्लाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ ।

यो अध्ययन २०७० असोजमा सम्पन्न गरिएको हो । परीक्षणको कार्य सम्पन्न गर्न कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरिएको छ । साथै जिल्लास्थित विभिन्न १२ वटा विषयगत कार्यालयहरु र केही गैससहरुको परीक्षण प्रतिवेदन, उक्त प्रतिवेदन जिल्ला स्तरीय वैठकमा प्रस्तुती गरी प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

जिविसको कार्यालय धनकुटाको सामाजिक परीक्षण गर्नका लागि जिम्मेवारी दिनुहुने जिल्ला विकास समितिको कार्यालय, धनकुटा र स्थानीय विकास अधिकारी श्री प्रेमप्रसाद भट्टराईलाई विशेष धन्यवाद दिनचाहन्छु । सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने सामाजिक विकास अधिकृत सीताराम गौतमलाई धन्यवाद दिन चाहन्छु । यसैगरी विषयगत कार्यालयका प्रमुखहरु तथा अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनुहुने महानुभावहरु, गैससका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला स्तरीय भेलामा राय सुझाव दिनुहुने राजनीतिक दलका प्रतिनिधिहरु र अन्य सहयोगी व्यक्तित्वहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

यो प्रतिवेदन जिल्ला विकास समितिको दोस्रो सामाजिक परीक्षण हो । यसमा सुधारका अवसरहरु यद्यपी रहन सक्दछन् । जिल्ला विकास समितिले आगामी दिनमा समेत यस्ता कार्यहरु सम्पादन गर्ने अवसर प्रदान गर्नेछ भन्ने शुभेच्छा व्यक्त गर्दै प्रतिवेदनमा सकारात्मक र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु ।

विदुर सुवेदी

सामाजिक परीक्षक

# विषयसूची

| विषयक्रम | | पेज |
|---|---|---|
| जिल्लाको नक्सा | | ३ |
| भूमिका | | ४ |
| १. | पृष्ठभूमि | ६ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | ६ |
| ३. | अध्ययन विधि | ६ |
| ४. | अध्ययनको सीमा | ७ |
| ५. | बृहत् छलफल कार्यक्रमको विवरण | ७ |
| ६. | स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण | ७ |
| | ६.१ स्थानीय निकायको परिचय | ७ |
| | ६.२ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू | ८ |
| | ६.३ गतवर्षको मुख्य मुख्य उपलब्धिहरू : | ९ |
| | ६.४ यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू | १० |
| | ६.५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | १४ |
| | ६.६. गत वर्षमा भोगेका समस्याहरू | ३२ |
| | ६.७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव | ३३ |
| ७ | विषयगत कार्यालयहरुको विवरण | ३४ |
| | ७.१. जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा | ३४ |
| | ७.२ जिल्ला शिक्षा कार्यालय, धनकुटा | ३७ |
| | ७.३ महिला तथा वालवालिका कार्यालय | ४० |
| | ७.४ जिल्ला विकास समितिको कार्यालय, धनकुटा | ४३ |
| | ७.५ जिल्ला प्राविधिक कार्यालय, धनकुटा | ४८ |
| | ७.६ जिल्ला पशुसेवा कार्यालय | ५० |
| | ७.७ जिल्ला कृषि विकास कार्यालय | ५२ |
| | ७.८ क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, धनकुटा | ५७ |
| | ७.९ जिल्ला वन कार्यालय, धनकुटा | ५९ |
| | ७.१० हुसाडेक नेपाल | ६६ |
| | ७.११ सल्भ नेपाल | ७१ |
| | ७.१२ पर्डेप नेपाल | ७५ |
| ८ | सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | ७८ |
| ९ | सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु | ७९ |
| ११. | सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु | ८० |
| सन्दर्भ सामग्रीहरु | | ८१ |
| वृहत छलफलको निर्णय तथा उपस्थिती विवरण | | |

## १. पृष्ठभूमि

स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली २०६४ को नियम २०१ (१) ले सामाजिक परीक्षण सम्वन्धी व्यवस्था गरेकोछ । जस अन्तर्गत स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने प्रावधान राखेकोछ । स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ स्थानीय विकास मन्त्रालयले जारी गरेको छ । स्थानीय निकायहरुको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्य सामाजिक परीक्षण हो । सामाजिक परीक्षण सम्पन्न गर्नु जिल्ला विकास समितिको न्यूनतम शर्त समेत भएको हुँदा आफ्नो सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्न यो सामाजिक परीक्षण गरि प्रतिवेदन प्रस्तुत गरिएकोछ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

सामाजिक परीक्षण्का उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।
- स्थानीय निकायले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणको अध्ययन विधि सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए बमोजिम रहेको छ । मुख्यतः यो परीक्षणको अध्ययन विधि निम्न अनुसार रहेकोछ ।

- स्थानीय निकायका सामाजिक जिम्मेवारी सम्वन्धी नीति नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्वन्धी प्रतिवेदनहरुको अध्ययन
- विषयगत कार्यालयहरुसँग भेटघाट, अन्तरवार्ता र सूचना संकलन
- प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी
- प्रारम्भिक प्रतिवेदनमाथी छलफल, प्रतिक्रिया र सुझाव
- प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी

## ४. अध्ययनको सीमा

यो अध्ययन स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को परीधी भित्र रहेको छ । जिल्ला विकास समिति र सामाजिक विकास सँग सम्वन्धित विषयगत कार्यालयहरु यस अध्ययनको विषयक्षेत्रभित्र रहेका छन् । यो अध्ययनले जिल्ला विकास समिति अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुको प्रतिनिधित्व मात्र गर्दछ । तर समग्र जिल्लाको सामाजिक विकासको प्रस्तुती गरेको छैन ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०७० साल कार्तिक २७ गते ।

ख) स्थान : जिल्ला विकास समितिको सभाकक्ष

ग) समय : दिउसो १ बजे ।

घ) उपस्थिति संख्या : ६९ जना ।

## ६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण [1]

## ६.१ स्थानीय निकायको परिचय

- धनकुटा जिल्ला पूर्वाञ्चलको मध्यपहाडी जिल्ला हो । यसको क्षेत्रफल ८८७.७ वर्ग किलोमिटर रहेको छ । पूर्वमा पाँचथर र तेह्रथुम, उत्तरमा संखुवासभा, पश्चिममा भोजपुर र उदयपुर जिल्ला र दक्षिणमा सुनसरी र मोरङ्ग जिल्लाहरु पर्दछन् । समुद्र सतह भन्दा १२० मिटर देखि २७०२ मिटरको उचाइ सम्म फैलिएको यो जिल्लामा उचाइ अनुसार भिन्न भिन्न (उष्ण, उपोष्ण र शीतोष्ण) हावापानी पाइन्छ । नदीनाला बाहेक जिल्लाको भूवनावट करिब समथर, भिरालो र ज्यादै भिरालो रहेको छ ।
- प्रशासनिक दृष्टिकोणले धनकुटा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको सदरमुकाम मानिन्छ । यो जिल्लामा २ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका, ३५ वटा गाविस र १ वटा नगरपालिका रहेका छन् । धनकुटा जिल्ला सदरमुकाम प्रशासनिक केन्द्रको रुपमा रहेको छ । सदरमुकामदेखि यहाँका गाविसहरु १६ कोष सम्मको दूरीमा रहेका छन् । नियमित यातायात नभए पनि सुख्खा मौसममा हरेक गाविस छुनेगरी सडक सञ्जाल अन्तर्गत यातायातका साधनहरु पुग्न सक्दछन् ।
- राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लामा ३७६३७ घरधुरी रहेको छ । जिल्लाको कूल जनसंख्या १६३४१२ रहेको छ । जसमा महिलाको जनसंख्या ८६८९७ (५३.१८ प्रतिशत) र पुरुषको जनसंख्या ७६५१५ (४६.८२ प्रतिशत) रहेको छ ।

---

[1] सामाजिक परीक्षण कार्यविधि को बुँदा १०.३ सँग सम्वन्धित विवरण । अनुसूची २ बमोजिम ।

- जातीय आधारमा आदिवासी तथा जनजाती ६०.१ %), क्षत्री र ब्राह्मण २५.७ % दलित (७.१४%) रहेको छ। जिल्लामा वहुजातीय, वहुभाषिक र वहुसांस्कृतिक रहेको छ।
- शारीरिक अवस्थाको आधारमा अपांगता भएको जनसंख्या ३४४५ (महिला १४०८ र पुरुष २०३७) रहेको छ । जसमध्ये पूर्ण अशक्त अपांगता भएको जनसंख्या १४५ रहेको छ भने आंशिक अपांगता भएको जनसंख्या ७५ रहेको छ। जेष्ठ नागरिकको संख्या ५२९७ रहेको छ जसमा दलित ज्येष्ठ नागरिकको संख्या ८०९ रहेको छ। एकल महिलाको जनसंख्या १८७२ रहेको छ। भाषिक आधारमा मातृभाषा बोल्ने घरसंख्या १८५६७ (१०७९१७ जना) रहेको छ। १४ वर्ष मुनीका बालबालिकाको संख्या ५२१९१ (३१ प्रतिशत) रहेको छ।
- धनकुटा जिल्लामा २०६ वटा प्रा.वि., ३५ वटा नि.मा.वि., ३३ वटा मा.वि., ३९ वटा उच्च मा.वि., ८ वटा क्याम्पस रहेका छन् । गत वर्ष ३४०४५ वालवालिकाहरु विद्यालयमा भर्ना भएका थिए।
- जिल्लाको साक्षरता प्रतिशत ७४.४० रहेको छ। जसमा महिला साक्षरता प्रतिशत ६७.४ छ भने पुरुष साक्षरता प्रतिशत ८१.४ रहेको छ । महिला पुरुष साक्षरता अन्तर ८ प्रतिशत रहेको देखिन्छ।
- जिविसको कार्यालयले दोस्रो आवधिक योजना (२०६९-०७४) निर्माण गरेको छ भने बाँकी वार्षिक योजनाहरु निर्माण गरेको छ।
- जिविस धनकुटाले आफ्नो दिर्घकालीन सोचको रुपमा ***धनकुटा जिल्लाको समृद्धिः कृषि उत्पादनको अभिवृद्धि, सन्तुलित विकासको आधारः मानव संशाधन र पूर्वाधार*** भन्ने लिएको छ।

## ६.२ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू

जिल्ला विकास समितिको कार्यालय धनकुटाले विकासका लक्ष्य र प्राथमिकताहरु निम्न अनुसार तय गरेको छ।

- सहभागितात्मक योजना तर्जुमा र दिगो विकास
- दिगो कृषि प्रणाली
- लैंगिक समानता र सामाजिक न्याय
- संस्थागत विकास
- सामाजिक तथा समावेशी विकास
- ग्रामिण पूर्वाधारको स्तरोन्नती
- सुशासन प्रवर्द्धन
- ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिंदै पूँजीको निर्माण र परिचालन गर्ने क्रममा ग्रामिण अर्थतन्त्रलाई मजबुत स्वाबलम्बी बनाउने।
- जिल्लापरिषदमा प्रस्तुत जिल्लाको वार्षिक बजेट विवरण (रु.मा)

- उद्योग वन तथा वातावरण समिति ४६५६९५००
- स्वास्थ्य तथा सामाजिक समिति : ७०४२४४५१५ (५ करोड ९६ लाख ४३ हजार ३ सय पचासी पूँजीगत )
- कृषि तथा भूमि व्यवस्था समितिः ६५०४३३४०
- विकास निर्माण समिति : ७७७२८१२००
- जम्मा : १५९३१३८५५५

- सामाजिक विकासमा ४४.२० प्रतिशत रकम विनियोजन भएको देखिन्छ ।)
- लक्षित तथा प्रवर्द्धनात्मक विकास कार्यक्रममा ५१६०९४२ खर्च भएको छ ।
- प्रस्तावित बजेटमा ९६.९४ प्रतिशत विषयगत कार्यालयहरुबाट र ३.०६ प्रतिशत बजेट गैससबाट प्रस्तावित भएको देखिन्छ ।

## ६.३ गतवर्षको मुख्य मुख्य उपलब्धिहरू :

जिल्ला विकास समिति धनकुटाले गत वर्ष सामाजिक उपलब्धीहरु हासिल गरेको छ । जिविस, विषयगत कार्यालयहरु र गैससहरुबाट समेत सामाजिक उपलब्धी हासिल गर्न टेवा पुगेको छ । सामाजिक उपलब्धीहरु विस्तृत विवरण बुँदा नं. ६.५ मा प्रस्तुत भएकोछ । यद्यपी यहाँ संक्षिप्त रुपमा जिविसले हासिल गरेका सामाजिक उपलब्धीहरु उल्लेख गरिएको छ ।

- सामाजिक सुरक्षा भत्ता वैंक मार्फत उपलब्ध गराउने परिपाटीको शुरुवात गरिएको ।
- लक्षित तथा सामाजिक समावेशी कार्यक्रमहरुको संचालन भएको ।
- महिला, वालवालिका, दलित र आदिवासी तथा जनजाती समुदायको कार्यक्रममा प्रत्यक्षतः संलग्नता रहेको ।
- सन् २०१४ सम्ममा जिल्लालाई खुल्ला दिसा मुक्त गाविस बनाउने अभियान । २ वटामा सफलता
- गाविसहरुमा सरसफाई सम्वन्धी समन्वय समिति गठन ।
- सडक स्तरोन्नतीमा प्राथमिकता दिइएको ।
- असहाय वालवालिकाको संरक्षणका लागि अन्य जिल्लासँग समन्वय गरिएको ।
- कार्यसम्पादन मूल्यांकनमा जिविसको कार्यालयले ८२ अंक प्राप्त गरी पुरस्कृत हुन सफल
- सामाजिक विकास तर्फ महिला, वालवालिकाहरु, र लक्षित वर्ग प्रत्यक्षतः लाभान्वित भएका

## ६.४ यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू

आर्थीक वर्ष २०६९/७० मा जिल्ला विकास समिति धनकुटामा निम्न अनुसारका उपलब्धिहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएकोछ ।

**स्वास्थ्य क्षेत्र :**

- अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी २४, उपस्वास्थ्य चौकी ११ र आयुर्वेद औषधालय २ गरी जम्मा ४० वटा स्थानबाट २३० दरवन्दी मध्ये १८५ जना स्वास्थ्य कर्मीबाट स्वास्थ्य सेवा उपलब्ध भइरहेको
- हरेक वडा तथा बस्ती स्तरसम्म खोप सेवा उपलब्ध छ । खोपमा पहुंच पुगेको १ वर्ष भन्दा कम उमेरको जनसंख्या ३५६८ जना । ९० प्रतिशत वालवालिकामा खोपको पहुंच पुगेको । गत वर्षको तुलनामा ८ प्रतिशत उपलब्धी प्रतिशत बढेको देखिएको ।
- २२६२ जनाले ले गर्भवती जाँच गराएको । दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाहरुको २७५ जना रहेको । दक्ष प्रसुती गराउने जनशक्ति रहेको छ ।
- झाडा पखालाबाट बालबालिकाको मृत्यु भएको नदेखिएको ।
- गत वर्ष भन्दा १६ प्रतिशत वढी (जम्मा ९६ प्रतिशत) जनसंख्याले स्वास्थ्य सेवा लिएको ।

**शिक्षा क्षेत्र**

- १५ वटा वाल विकास केन्द्र थप भएका ।
- विद्यालयमा हाल सम्म ९७.७५ वालबालिको पहुँच पुगेको छ ।
- हाल खुद भर्नादर ३७.०३ प्रतिशत रहेको ।
- विद्यालयमा कक्षा छाड्ने दरमा गत वर्ष भन्दा छाड्ने ११.२९ प्रतिशत रहेको । २.१९ प्रतिशतमा कमी आएकोछ ।
- ३०९ जना प्राथमिक विद्यालयका शिक्षकहरुले तालिम प्राप्त गरेका छन् । १०० प्रतिशत ले तालिम पाएको अवस्था रहेको ।
- यो वर्ष थप भएका सहित विद्यालयमा जम्मा ३५१७ कक्षा कोठा रहेका । प्रति कक्षा कोठा विद्यार्थी संख्या ११.४८ रहेको छ । स्थानीय निकाय (२ वटा) बाह्य स्रोत र सहयोगबाट (४ वटा) समेत विद्यालय भवन तथा कक्षा कोठाहरु र फर्निचर निर्माणका लागि सहयोग उपलब्ध भएका ।
- ३५९२ दलित वालवालिकाहरु विद्यालयमा रही छात्रवृति समेत पाएका । यसले पहुँच वृद्धिमा सहयोग पुगेको छ ।

**खानेपानी तथा सरसफाई**

- यस आर्थीक वर्षमा १४९८ घरधुरीमा स्वच्छ खानेपानी पुगेको छ । गत वर्षको तुलनामा थप ३.१९ प्रतिशत परिवारमा खानेपानीको पहुंच बढेको छ । जिल्लामा हाल २८०७८ (८१.४३) परिवारमा स्वच्छ खानेपानीको सुविधा पुगेको ।
- जिल्ला विकास समिति मार्फत ७ वटा स्कीमलाई सहयोग गरेको जसअन्तर्गत १५ वटा धारा निर्माण भएको जसबाट १६९० जनसंख्या लाभान्वित रहेको देखिन्छ ।
- खानेपानी तथा सरसफाई प्रवर्द्धनका लागि गैससहरुसँग साझेदारी बढेको छ ।
- ५४ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुगेको छ । गत वर्षभन्दा यो वर्ष २२ प्रतिशतले उपलब्धी वृद्धि भएको हो । जिल्लालाई सन् २०१४ सम्ममा खुल्ला दिसामुक्त बनाउने लक्ष लिइएको छ ।
- थप ३ वटा गाविसहरु (फाक्सिव, बसन्तटार र आहाले) सहित जम्मा ५ वटा गा.वि.स.हरु खुल्ला दिसामुक्त घोषणा भएका । हरेक गाविसहरुमा सरसफाई कार्ययोजना २०६९ निर्माण भएकोछ ।
- नागरिक सचेतना केन्द्र तथा वस्ती र वडाहरुलाई खुल्ला दिसामुक्त घोषणा गरिँदै आएको छ ।
- २७५ वटा प्राथमिक विद्यालयहरुमा स्वच्छ खानेपानी सेवा उपलब्ध छ ।
- २२९७ परिवारमा सुधारिएको चुलो निर्माण भएको । यो वर्ष थप ३ वटा गाविसहरुमा घरभित्रको धुवाँ प्रदुषण मुक्त घोषणा भएको छ । हाल जिल्लामा यसरी घोषणा भएको गाविसहरुको संख्या ७ पुगेकोछ ।

**बालबालिका, महिला तथा समावेशी क्षेत्र**

- वाल पार्श्वचित्र निर्माण कार्यको थालनी भएको छ ।
- वालविवाह विरुद्धका सचेतना कार्यक्रमहरु संचालन भएको छ ।
- सामाजिक विकृति रोक्नका लागि पटक पटक छलफलहरु भइरहेका छन् ।
- दुर्व्यसनमा संलग्नहरुलाई सो काम विरुद्धमा सम्झाउने गरिएको छ ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ६०६४३.६ हजार रकम वितरण भएको छ । जसमा ज्येष्ठ नागरिक ४९१५ जना, असहाय विधवा १९९४ जना, दलित ज्येष्ठ नागरिकहरु ८५३ जना, पूर्ण अशक्त ३५२ जना, आंशिक अपांग ६९ जना र दलित वालवालिका ११५७ जनाले भत्ता प्राप्त गरेका छन् ।
- जिविसको कार्यालयले सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेकोछ ।
- ७७ जनालाई रु. ७५१४० ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवा प्राप्त गरेका छन् ।
- २३१६ जनालाई अपांग परिचय पत्र प्रदान गरिएको छ ।

**जनचेतना तथा गरिवी निवारण**

- वालक्लव तथा वाल संरक्षण उपसमितिहरुमा वृद्धि भएको । आपतकालीन राहत कोषमा रु. ५३५०० वृद्धि भई रु ९७ हजार पुगेको छ ।
- हिंसा विरुद्धको १६ दिने अभियानमा नागरिक संस्थाहरु समेतको संलग्नता रहेको छ । १ वर्षमा जिल्ला स्तरमा १२९ वटा घटना जिल्ला स्तरमा कार्वाहीका लागि आएका छन् ।
- ५७ वटा घटनाहरु निगरानी समूहहरु (पारालीगल) दर्ता भएका मध्ये ५१ वटा घटनाहरु स्थानीय स्तरमा समाधान भएका छन् । जसले महिलाहरुमा महिला हिंसा विरुद्ध चेतना अभिवृद्धि भई समाधानका लागि स्थानीय स्तरमा प्रयत्न शुरु भएको छ ।
- विभिन्न विकास योजनाहरुबाट ३० जनाले वार्षीक रोजगारी पाएका छन् । दैनिक ज्यालादारी बापत जिल्ला विकास समितिबाट ५०९९७ जना रोजगारी सिर्जना भएको छ ।
- कुखुरा पालन व्यवसायबाट १५० र डेरी व्यवसायमा ३० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।
- स्वरोजगारका प्रयास अन्तर्गत शिक्षा कार्यालय मार्फत १५ सय भन्दा वढी व्यक्तिले उद्यमशिलता लगायतका सीप विकाससम्वन्धी तालिम प्राप्त गरी ८० जना उद्यमीले उपकरणहरु समेत प्राप्त गरेका छन् । वनमा आधारित १६ वटा उद्यम विकास सहयोग गरिएको छ ।
- गरिवी निवारणका प्रयासहरु सकारात्मक देखिएका छन् । जिल्लामा दैनिक १४ हजार लिटर दुध विक्रीबाट ५ लाख ४० हजार आम्दानी हुने गरेको छ । ७० वटा कुखुरा फर्महरुबाट २०० देखि २००० सम्म कुखुराको कारोबार भइरहेको छ । पशु व्यवसायबाट दैनिक रु ६३४ हजारको कारोबार भइरहेको छ ।
- तरकारीका उन्नत वीउ किट वितरण, तालिममा ५२० जना सहभागिता रहेको छ ।
- १२३०० महिलाहरुलाई वचत तथा ऋण कार्यक्रममा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुऱ्याइएको छ ।
- सामाजिक परिचालन अन्तर्गत प्रत्यक्षत : विपन्न समुदायका १०८२ परिवार लाभान्वित भएकाछन् । वडा नागरिक मंच मार्फत ७९३८ जना सहभागी रहेका छन् ।
- महिला विकास कार्यक्रम अन्तर्गत ७३० समूह, ८९ समित र ४ वटा संस्था तथा र महिला जागृति कार्यक्रम अन्तर्गत १९४ समूह र ८ संस्था क्रियाशिल रहेकाछन् । ती समूहको हालसम्मको बचत रकम रु. ९१६८२८१ रहेको छ ।
- जिल्ला वातावरण पार्श्व चित्र तयार भएकोछ ।
- जलवायु परिवर्तनको प्रभावसँग जुध्न अनुकूल हुनेगरी २४ वटा सामुदायिक वनको कार्ययोजना पुनरावलोकन गरिएको छ ।
- वातावरण संरक्षणका लागि नर्सरी स्थापनामा जोड दिइएको छ तथा ८२ हजार वन विरुवा उत्पादन र वितरण गरिएको छ ।
- जलवायू परिवर्तन सम्वन्धी जनचेतना प्रवाह भएको छ ।

- एच आइभी एड्स थप १ जना संक्रमित व्यक्तिहरुले परामर्श सेवा प्राप्त गरिरहेका छन् । गत वर्ष ६ जना संक्रमितहरुले परामर्श लिइरहेकोमा यो वर्ष संक्रमितको संख्या कम देखिएको छ ।
- विकासमा समान सहभागिता वढोत्तरीमा रहेको छ । लक्षित समूह विकास कार्यक्रमका लागि समन्वय समितिहरुले बजेट तर्जुमा तथा कार्यान्वयन गरेकाछन् । लक्षित समूह विकास कार्यक्रमहरुमा ४३०० (५९%) महिला र ३०१८ (४१%) गरी जम्मा ७३१८ जनाको सहभागिता देखिएको छ ।
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरिएको छ ।
- सामाजिक परिचालन अन्तर्गत नागरिक सचेतना केन्द्रका १०८२ सहभागीमध्ये ५३ % महिला र वडा नागरिक मंचमा सहभागी ७९३८ जनामध्ये ४१ % महिला सहभागिता रहेको छ ।

**सेवाहरुमा पहुँच**

- स्थानीय हाटबजार पुग्न लाग्ने समयमा केही कमी भएको छ । थप ४७ किमि ग्राभेल सडक मार्फत बाह्रै महिना यातायात सुचारु भएको छ । यसकारण ९ गाविसका बासिन्दाको शहर सम्मको पहुँच सरल बनेकोछ ।
- कृषि सेवाकेन्द्रहरुको संख्या ६ वटामात्र रहेकोछ । औषत १ सेवाकेन्द्रको सेवाक्षेत्र ६ वटा गाविस तथा नगरपालिका पर्ने गर्दछ । सेवा केन्द्र नरहेका सबै गाविसका बासिन्दाहरुको पहुँचमा सेवाकेन्द्रहरु रहन सकेका छैनन् ।
- महिला, पिछडिएको वर्ग र अपांग सशक्तिकरण कार्यक्रम जम्मा ५६ वटा संचालन भएको । जम्मा १ करोड ७९ लाख ७ हजार खर्च भएको छ ।

**संस्थागत क्षमता विकास**

- जिविसले आगामी ५ वर्षका लागि आवधिक जिल्ला विकास योजना तयार गरेको छ ।
- जिविसको कार्यालय नेपालका सबै जिविसहरु मध्ये न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा ८६ अंक प्राप्त गरी प्रथम हुन सफल भएको छ भने जिल्ला स्थित सबै गाविसहरु न्यूनतम् शर्त पुरा गर्न सफल रहेका छन् ।
- जिविसका कर्मचारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको क्षमता विकासका लागि तालिम तथा अध्ययन अवलोकनको व्यवस्था गरिएको छ ।
- जिविसले कार्यसम्पादनका आधारमा पूँजीगत रकममा ५७ लाख वृद्धि गरेको छ ।
- ज्येष्ठ नागरिकहरुलाई वैंक खाता मार्फत ४ गाविस र १ नपामा जम्मा गरिएको ।
- कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय र जिल्ला वन कार्यालयसँगको साझेदारीमा विभिन्न गतिविधि संचालन गरिएको ।

## ६.५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | ०६९ असार मसान्त सम्मको प्रयास | उपलब्धि |
|---|---|---|---|
| **१ स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | अनुमानित ७५ प्रतिशत घरधुरीमा पहुंच । | • ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड<br>• हरेक गाविसमा यातायातका साधन पुग्ने वातावरण निर्माण<br>• वडा स्तरमा खोप कार्यक्रम संचालन<br>• महिला स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम<br>• २४ घण्टे सेवाका लागि १२ जना अनमीको करारमा नियुक्ति | • हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार ।<br>• वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।<br>• हरेक गाविसमा तथा केही ठूला गाविसमा २ वटा समेत स्वास्थ्य चौकीको व्यवस्था गरिएको । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | यकिन नभएको । | • ५ वर्ष मुनीका वालवालिकाहरुको वृद्धि अनुगमन गरिएको । | • ५२१४ जनाको वृद्धि अनुगमन भएको । |
| खोपमा पहुँच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | विसिजी : ७९.९ डिपीटी ८२ | • विसिजी, डिपिटी, मिजल्स र टीटी खोपहरु वडा स्तरमा उपलब्ध गराइएको ।<br>• पोलीयो र भिटामिन ए सम्वन्धी | ३५६८ जना । ९० प्रतिशत वालवालिकामा खोपको पहुंच पुगेको । गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको । |

| | | | |
|---|---|---|---|
| | | अभियानहरु संचालन गरिएको । | |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ५९.४ प्रतिशत | • स्वास्थ्य चौकीहरुमा गर्भवती जाँच सेवा उपलब्ध गराइएको ।<br>• हरेक मंगलबार र शुक्रबार जिल्ला अस्पतालमा गर्भवती जाँच गर्ने गरिएको ।<br>• सचेतना कार्यक्रमहरु गरिएको । | • २२६२ जनाले (४८.८ प्रतिशत) जाँच गराएको । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | १२.७ प्रतिशत | • स्वास्थ्य चौकीहरुमा प्रसुती सेवा उपलब्ध गराइएको । | • १५.२ प्रतिशत । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | छैन । | • झाडा पखाला सम्वन्धी रोगीहरु र तीनीहरुको उपचारको विश्लेषण गर्ने गरिएको ।<br>• उपचारका लागि ओ आर एस, जिंक चक्की वितरण गरिएको | झाडा पखालाबाट बालबालिकाको मृत्यु भएको नदेखिएको । |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ८२ प्रतिशत । | • १९ वटा स्वास्थ्य चौकी र १७ वटा उपस्वास्थ्य चौकीहरुबाट नियमित सेवा प्रदान गरिएको । | • ९६ प्रतिशत जनसंख्याले सेवा लिएको देखिएको । |
| **२ शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | • विद्यालय संचालनका लागि स्वीकृति दिइएको । वाल विकास केन्द्र थप | • २ वटा प्राविका वालवालिकाको शिक्षामा पहुँच वृद्धि भएको । |

| | | | |
|---|---|---|---|
| | | गरिएको । | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ३४ प्रतिशत | • जिल्लामा अघिल्लो वर्ष २९५ वटा केन्द्र रहेकोमा यस पटक ३१० वटा प्रारम्भिक वालविकास केन्द्रमा ४५६३ वालवालिका रहेका । | • खुद भर्नादर ३४ प्रतिशत रहेको । अघिल्लो वर्षको तुलनामा फरक नरहेको ।<br>• १५ वटा केन्द्र थप भएका । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | २.२५ प्रतिशत | • विद्यालय भर्ना अभियान संचालन ।<br>• सचेतना कार्यक्रम संचालन । | • हाल २.२५ प्रतिशत बालबालिको पहुँच नभएको देखिएको । |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ३७.०३ | • छात्रवृतिको व्यवस्था । अभिभावक भेटघाट कार्यक्रम संचालन गरिएको । | • हाल खुद भर्नादर ३७.०३ प्रतिशत रहेको । |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | • दोहोर्‍याउने १२.३८<br>• छाड्ने १३.४८<br>उत्तिर्ण ८७.७७ प्रतिशत । | • तथ्यांकको अद्यावधिकता । अभिभावक भेटघाट तथा सामाजिक परिचालन कार्यक्रम संचालन । | • दोहोर्‍याउने १३.९३ प्रतिशत<br>• छाड्ने ११.२९ प्रतिशत<br>• उत्तिर्ण ८६.१४ प्रतिशत |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ९०८ जना | • यो वर्ष ३०९ जना शिक्षकहरुलाई तालिम उपलब्ध गराइएको । | • १०० प्रतिशत ले तालिम लिएको । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ११.४८ जना | • यो वर्ष २२ वटा भवन निर्माण र १३ वटा मर्मत भए । | • ५० वटा कोठा थप भएको ।<br>• हाल जम्मा ३५१७ कक्षा कोठा रहेका । |
| बाह्य सहयोगमा निर्मित विद्यालय | सूचना यकिन | • २ वटा भवन निर्माण (समुदाय सहयोग | • ७ वटा कोठा थप भएका । |

| | | | |
|---|---|---|---|
| कोठा संख्या | नभएको । | कार्यक्रम हुसाडेक तथा केएर मार्फत)<br>● २ वटा भवन (जाल्पादेवी उच्च मावि र शारदा उच्च मावि) निर्माणमा भारतीय राजदुताबाससँग समन्वय गरेको । | ● एउटा तीन तले र एउटा एक तले भवन निर्माण भएको । |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | २ वटा | ● २ वटा विद्यालय मर्मत सहयोग । | ● विद्यालयको घेराबारा सहयोग भएको । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | ३८७५ जना | ● ३५९२ जना विद्यालयमा देखिएका । जसले छात्रवृति लिएका । | ● अघिल्लो वर्षको तुलनामा संख्या २८३ कम देखिएको ।<br>● पढाइमा निरन्तरता रहेको । |
| **३ खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | स्वच्छपानी पुगेको २६५८० परिवार ( ७८.२४ प्रतिशत) तर १० प्रतिशत योजनाहरूमा मर्मत आवश्यकता । ८ प्रतिशत मूलक सुकेको अवस्था । | • २८०७८ (८१.४३) खानेपानी संचालन गर्ने संस्थाहरूको तथ्यांक अद्यावधिक गर्ने गरिएको ।<br>• फण्डवोर्ड अन्तर्गत वेलहारावेसी-६, गुठिटार ७, परेवादिन ५, ६ तेलियाखोलामा खानेपानी आयोजना संचालन गरेको ।<br>• खानेपानी मुहान संरक्षण गरिएको । | • थप १४९८ घरधुरीमा स्वच्छ खानेपानी पुगेको ।<br>• गत वर्षको तुलनामा थप ३.१९ प्रतिशत परिवारमा खानेपानीको पहुंच बढेको ।<br>• जिल्लामा हाल २८०७८ (८१.४३) परिवारमा स्वच्छ खानेपानीको सुविधा पुगेको ।<br>• जिल्ला विकास समिति मार्फत ७ वटा स्कीमलाई सहयोग गरेको जसअन्तर्गत १५ वटा धारा निर्माण भएको ।<br>• जसबाट १६९० जनसंख्या लाभान्वित रहेको ।<br>• फण्डवोर्ड मार्फत ६५ वटा सार्वजनिक |

| | | | |
|---|---|---|---|
| | | | धाराहरूको निर्माण भएको ।<br>• जिल्ला भूसंरक्षण कार्यालयबाट १० वटा खानेपानी मूहान संरदाण भएकोछ । जसबाट ९२९ परिवार लाभान्वित भएकाछन् । |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ३१ प्रतिशत ।<br>२ वटा गाविसहरू खुल्ला दीसामुक्त ३घोषणा भएका । | • जिल्लामा जिल्ला सरसफाई समन्वय समितिको गठन भएको । हाल सम्म नियमित वैठकहरू ४ वटा बस्दै गरेको ।<br>• ३५ वटै गाविसका सचिवहरू र सामाजिक परिचालकहरूलाई सरसफाई सम्वन्धी दुइदिने तालिम उपलब्ध गराएको ।<br>• ३५ वटै गाविसहरूमा गाविस स्तरीय सरसफाई सम्वन्धी समिति गठन गरि सकेको ।<br>• विपन्न परिवारलाई प्यान सेट ७०५ खरिद गरेको । तीन वटा गाविसहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार प्रदान गरेको । | • ५४ प्रतिशत घरपरिवारमा शौचालय सुविधा ।<br>• थप ३ वटा गाविसहरू (फाक्सिव, बसन्तटार र आहाले) खुल्ला दिसामुक्त घोषणा भएका ।<br>• गाविस सचिवहरूबाट गाविस सरसफाई कार्ययोजना २०६९ निर्माण गरेको ।<br>• जिल्लालाई सन् २०१४ सम्ममा खुल्ला दिसामुक्त घोषणा गर्ने लक्ष लिइएको ।<br>• अभियानलाई प्रभावकारी बनाउन ५ वटा साझेदार संस्थाहरूसंग सहकार्य भइरहेको ।<br>• बस्ती, नासके तहमा खुल्ला दिसामुक्त अभियान प्रभावकारी बन्दै गएको । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | १८४ वटा विद्यालय | • स्थानीय निकाय र विकास साझेदार निकायहरूसंग समन्वय गरी उपलब्ध गराउने प्रयत्न गरिएको । | • विद्यालयमा खानेपानी उपलब्ध विद्यालय संख्या २७५ वटा । कूल ३१३ विद्यालय मध्ये अझै ३८ वटा विद्यालयहरूमा खानेपानी सुविधा नभएको । |

| | | | |
|---|---|---|---|
| सुधारिएको चुलो भएको परिवार संख्या | ८८६२ परीवारमा सुधारिएको चुलो निर्माण भएको । ४ वटा गाविसहरु (६ नं. बुधबारे, मुर्तिढुंगा र अर्खौलेजितपुर गाविसहरु वायु प्रदुषित मुक्त गाविसको रुपमा घोषित भएका । | • सामाजिक संस्थाहरुले धुवाँरहित गाविस बनाउनका लागि स्थानीय निकायसँग सहकार्य गरिरहेका ।<br>• प्रमोटरहरुलाई तालीम, स्वास्थ्यसम्वन्धी चेतना, विद्यार्थीहरुलाई स्कुल शिक्षा, चुलो प्रदर्शनी, होर्डिंगवोर्ड, क्यालेण्डर, पुस्तक, पर्चा वितरण वाट चुल्हो निर्माण गर्न शन्देशमूलक शिक्षा प्रदान । | • २२९७ परिवारमा सुधारिएको चुलो निर्माण भएको । सल्भ र पर्डेपले काम गरिरहेका ।<br>• थप ३ वटा गाविसहरु धुवाँमुक्त गाविस घोषीत भएका । (डाँडागाउ, भिरगाउँ र चुङमाङ)<br>• |
| बाल बिवाहको संख्या | ३० जोडि वाल विवाहको तथ्य देखिएको । | • वाल विवाह विरुद्ध लैंगिक तथा महिला हिंसासँग जोडेर सचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका । | • वालविवाह विरुद्धमा सचेतना बढेको । औपचारिक रुपमा वालविवाह भएको तथ्यांक देखिन नसकेको । |
| सामाजिक बिकृति, विसंगति | तथ्यांकगत रूपमा नदेखिएको । | • दुर्व्यसन विरुद्ध जनचेतना वढाइएको ।<br>• विकृति र विसंगति नियन्त्रणमा नेपाल प्रहरीको संलग्नता रहने गरेको । | • जिल्ला स्तरमा दुर्व्यसन नियन्त्रणका लागि सम्बादहरु भइरहेका । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको | ४ गाविसमा सुरक्षा भत्ता बैंक | • सबै गाविसहरुमा अपांगता परिचय पत्र वितरण भएको । | ज्येष्ठ नागरिक भत्ता : २२७१ महिला र २६४४ पुरुष गरी जम्मा ४९१५ जनाले प्राप्त गरेको । |

| | | | |
|---|---|---|---|
| क्षेत्र तथा लोपोन्मुख जाती) | मार्फत उपलब्ध गराइएको । | • थप ५ गाविसहरु (पाखीबास, मुगा, फलाँटे, सान्ने, नगरपालिका, भीरगाउँ, बेलाहारा, खुवाफोक, बुढीमोरंग) को भत्ता बैंक मार्फत दिन शुरु गरिएको ।<br>• वार्षिक रुपमा तथ्यांक अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण गाविस अनुसार प्रकाशन गरिएको ।<br>• सुरक्षा भत्ता उपलब्ध गराउन यथासमयमा निकासा दिइएको ।<br>• भत्ता वितरणको प्रभावकारीताका लागि अनुगमन गरिएको । | असहाय विधवा भत्ता : १९९४ जनाले प्राप्त गरेको ।<br>अशक्त भत्ता : ६९ जनाले पाएको ।<br>दलित ज्येष्ठ नागरिकहरु ८५३ जनाले भत्ता प्राप्त गरेको ।<br>जिविसले कूल ६०६४ हजार रकम सुरक्षा कार्यक्रम अन्तर्गत खर्च गरेको ।<br>• सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेको ।<br>• महिला ४५ र पुरुष ३२ समेत जम्मा ७७ जनालाई रु. ७५१४० ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवा प्रदान गरिएको ।<br>• क वर्ग ४००, ख वर्ग ६५५, ग वर्ग ८७८ र घ वर्ग ४८३ जना गरी जम्मा २३१६ जनालाई अपांग परिचय पत्र प्रदान गरिएको । |
| **५ जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | धनपामा १२ जना श्रमिक देखिएका । | • वालश्रम विरुद्धमा जनचेतना । वालक्लवहरुको परिचालन । यस वर्ष समेत वालश्रमिक नराख्न पत्राचार गरिएको छ । | • बालश्रम विरुद्धमा जनचेतना र अनौपचारिक छलफल हुनथालेको ।<br>• यद्यपी नगर क्षेत्रमा १२ जना घरेलु श्रमिक देखिएका । |
| बाल क्लवहरूको अवस्था | २७ गाविसहरूमा बाल क्लब रहेका १७ गाविसमा | • सबै वालक्लवहरु तथा वालसंरक्षण समितिका सदस्यहरुलाई एक एक दिने | • २ वटा गाविसहरुमा वालक्लव थपिएका<br>• ५ गाविसमा वाल संरक्षण उपससमित |

| | | | |
|---|---|---|---|
| | वाल संरक्षण उपसमिति रू.४३५०० वाल राहत कोष | कार्यक्रममा सहभागी गराईएको । | निर्माण<br>● रु. ५३५०० आपतकालीन बाल राहतकोष मा वृद्धि भएको ।<br>● वालक्लवहरु सक्रिय रहेका । |
| महिला हिंशा | १२९ वटा महिला हिंसाका घटनाहरू जिल्ला स्तरमा आएको । ५७ वटा घटनाहरू पारालिगल कमिटीमा दर्ता भई ५१ वटा घटना स्थानीय स्तरमा समाधान भएका । | ● लैंगिक हिंसा सम्वन्धी घटेका घटनाहरुको विवरण संकलन गर्ने गरिएको । समन्वय समितिको वैठक बस्ने गरिएको ।<br>● हिंसा न्यूनीकरण सम्वन्धी जानकारी प्रदान गर्न ब्रोसर प्रकाशन गरिएको ।<br>● गाविस स्तरमा घरेलु हिंसा विरुद्धका मुद्धाहरुलाई कम गर्न सचेतनामूलक कार्य गरिरहेको ।<br>● महिलाहरुको आन्तरिक संजाल तथा शाखागत समन्वय समिति गठन भै घरेलु तथा महिला हिंसाको क्षेत्रमा स्थानीय स्तरमा परिचालन ।<br>● स्थानीय स्तरमा नै महिला तथा घरेलु हिंसाका घटनाहरु न्यूनीकरणका लागि मनोसामाजिक परामर्शको शुरुवात । | ● लैंगिक हिंसाका कूल घटनाहरु १२९ वटा रहेका ।<br>● महिला हिंसा सम्वन्धी परेका ८५ वटा उजुरीहरुमा ७३ वटा न्यूनीरकण गरिएको ।<br>● महिला हिंसा विरुद्धको अभियानलाई सामुदायिक वन उपभोक्ता समितिसँग जोडेको । |

| | | | |
|---|---|---|---|
| | | • | |
| रोजगारीको अवस्था | रोजगारीको अवस्थाबारे यकिन तथ्यांक नराखिएको । | • अल्पकालीन तथा दिर्घकालीन रोजगारीको अवसर सिर्जना भएको ।<br>• सडक निर्माण, भवन निर्माण जस्ता योजनाहरुबाट अल्पकालीन र प्रत्यक्ष रोजगारीको सिर्जना भएको । | • वालविकास केन्द्र र साक्षर नेपाल अभियानमा अल्पकालीन रोजगारी सिर्जना ।<br>• १२ जना अनमीहरु करारमा नियुक्त भएका<br>• जिल्ला विकास समितिबाट ५०९९७ जना रोजगारी सिर्जना भएको ।<br>• कुखुरा पालन व्यवसायबाट १५० जनाको रोजगारी<br>• डेरी व्यवसायमा ३० जनाको प्रत्यक्ष रोजगारी ।<br>• गैससहरुमा समेत अल्पकालीन रोजगारीको सिर्जना भएको । करिब १० जना । |
| स्वरोजगारका प्रयासहरू | ३४० जना | • आय आर्जन तथा स्वरोजगारको प्रयासका लागि तालिम उपलब्ध गराईएको ।<br>• घरेलु तथा साना उद्योग विकास समिति मार्फत उद्यमी विकास प्रवर्द्धन अन्तर्गत ९ प्रकारको तालिम र उद्योग प्रवर्द्धन अन्तर्गत १० प्रकारको तालिम उपलब्ध गराइएको । | • आय आर्जन तथा स्वरोजगारको प्रयासका लागि ४८८ जनाले तालिम पाएका ।<br>• शिक्षा कार्यालय मार्फत ४५० महिलाहरुले अल्पकालीन रोजगारीका लागि ५ दिने तालिम उपलब्ध गराइएको ।<br>• कम्प्युटर तालिम ४ जनाले हार्डवेयर प्रोग्रामिंग लिइरहेका ।<br>• ६५ जना महिलाहरुलाई लोकसेवा तयारी |

| | | | |
|---|---|---|---|
| | | | कक्षामा सहभागी गराईएको ।<br>● उद्यमी विकास अन्तर्गत ७६ जना (२५ पुरुष र ५१ महिला) तालिम<br>● १८ जना उद्यमीहरुलाई २८ वटा उपकरण हस्तान्तरण गरिएको । ६२ जनालाई ( सिलाई मेशिन, आइरन, ढाकातान, स्टीमर, ड्रायर, मौरी घार, स्लाइड रेन्च, ह्यामर, मैनवत्ती डाई, बुटिक तान, आलुचिप्स मेसिन आदि)<br>● ८७ महिला र ३३ पुरुष गरी जम्मा १२० जनालाई उद्यमशिलता विकास तालिम उपलब्ध गराइएको ।<br>● १०९ जना (६९ महिला र ४० पुरुष) लाई सीप विकास तालिम उपलब्ध गराइएको ।<br>● समुदाय सहयोग कार्यक्रम अन्तर्गत १८ जनालाई व्यवसायीक तालिम उपलब्ध गराइएकोछ । |
| गरिवी निवारणका प्रयासहरू | सरोकारवाला निकायहरूसग समन्वय गरि गरिव लक्षित कार्यक्रमहरू | ● सामाजिक परिचालन कार्यक्रम ३५ गाविस र धनकुटा नगरपालिकाका ५ वटा वडाहरुमा संचालित रहेको छ ।<br>● गरिवसँग विश्वेसर (३ गाविसहरुमा | ● दैनिक १४ हजार लिटर दुध विक्रीबाट ५ लाख ४० हजार आम्दानी हुने गरेको ।<br>● ७० वटा कुखुरा फर्महरुबाट २०० देखि २००० सम्म कुखुराको कारोबार भइरहेको |

| | | | |
|---|---|---|---|
| | संचालन भइरहेकोछ । | संचालन भएको ।<br>● महिला जागृति कार्यक्रम संचालन गरिएको ।<br>● पशु विकास कार्यालयहरु मार्फत :<br>● नश्ल सुधारका लागि २० वटा वीउको बोका वितरण गरिएको ।<br>● कृत्रिम गर्भाधानबाट नश्ल सुधार गरिएको ।<br>● आहाराका लागि घाँसको वीउ वितरण गरिएको ।<br>● जिल्ला कृषि विकास कार्यालय अन्तर्गत तरकारीका उन्नत बीउ किट बितरण, तरकारी प्याकेज प्रदर्शन, स्थलगत तालिम संचालन । | ● पशु व्यवसायबाट दैनिक रु ६३४ हजारको कारोबार भइरहेको ।<br>● जिकृविका अन्तर्गत भएका गतिविधमा ५२० जना कृषकहरु संलग्न भएका । जसमा महिला सहभागिता ४५%, जनजाति ४५.८% र दलित ३.३६% रहेको<br>● १२३०० महिलाहरुलाई वचत तथा ऋण कार्यक्रममा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुऱ्याइएको ।<br>● ३०० जना महिलाहरुलाई महिला विकास कार्यालय अन्तर्गत ३ लाख वितरण गरि तरकारी खेतीमा जागरुक गराइएको ।<br>● विपन्न ६० परिवारहरुलाई जीविकोपार्जन योजना अन्तर्गत आर्थीक सहयोग भएको छ । |
| सामाजिक परिचालन | ३५ गाविसमा संचालन । | ● सामाजिक परिचालन कार्यक्रमले निरन्तरता पाएको ।<br>● सामाजिक परिचालकहरुको क्षमता अभिवृद्धि तालिम संचालन भएको ।<br>● ३५ गाविसका सबै वडाहरुमा वडा नागरिक मंचको गठन तथा पुनर्गठन | ● ३५ गाविसमा ३५ वटा नागरिक सचेतना केन्द्र, गठन भएको । नागरिक सचेतना केन्द्र मार्फत १०८२ विपन्न परिवार लाभान्वित भएका ।<br>● विभिन्न ५ गाविसहरुमा समुदाय सहयोग कार्यक्रम अन्तर्गत थप १२ वटा नागरिक |

| | | | |
|---|---|---|---|
| | | गरिएको ।<br>• हरेक गाविसको पहुँच नक्सांकन भएको<br>• अति विपन्न ३५ वटा बस्तीमा नागरिक सचेतना केन्द्र गठन गरिएको ।<br>• महिला विकास कार्यालयबाट समेत सामाजिक परिचालन भइरहेको । | सचेतना केन्द्रहरु संचालन भएका जसमा ३५० जना लाभान्वित भएका ।<br>• वडा नागरिक मंच मार्फत ७९३८ जना सहभागी रहेका ।<br>• महिला सहभागिता उल्लेख्य रहेको ।<br>• सरसफाइ अभियान संचालन भइरहेको ।<br>• महिला विकास कार्यक्रम अन्तर्गत ७३० समूह, ८९ समित र ४ वटा संस्था तथा र महिला जागृति कार्यक्रम अन्तर्गत १९४ समूह र ८ संस्था क्रियाशिल रहेकाछन् । ती समूहको हालसम्मको बचत रकम रु. ९१६८२८१ रहेको छ । |
| वतावरण सुधारका प्रयासहरू | नियमानुसार वातावरणिय परीक्षण गर्नुपर्ने योजना हरूको परीक्षण गर्ने गरिएको । (हिले उत्तरपानी सडक, त्रिशुले हात्तिखर्क, जीतपुर सडक)<br>३ वटा सार्वजनिक शौचालयहरू | • विश्रान्ती मन्दीर परिसर मुलघाटमा वन नर्सरी निर्माण गर्न जिल्ला वन कार्यालयसँग साझेदारी गरिएको ।<br>• तथा वातावरण समितिबाट वातावरण सुधार सम्वन्धी समन्वय गरेको ।<br>• वातावरण दिवस मनाइएको ।<br>• जिल्ला वन कार्यालय, जिल्ला भू संरक्षण कार्यालय, सामुदायिक वन उपभोक्ता समितिले वन सम्वन्धी | • जिल्ला वातावरण पार्श्वचित्र निर्माण गरिएको ।<br>• जलवायु रिर्वतको प्रभावसँग जुध्न अनुकूल हुनेगरी २४ वटा सामुदायिक वनको कार्ययोजना पुनरावलोकन गरिएको ।<br>• ६४३ परिवारमा ८२ हजार वन विरुवा उत्पादन र वितरण गरिएको ।<br>• जलवायू परिवर्तन सम्वन्धी जनचेतना प्रवाह । |

| | | | |
|---|---|---|---|
| | निर्माण गरिएको । ३०० जनामा वातावरण सचेतना उपलब्ध गराइएको । | कार्यक्रमहरु संचालन गरिरहेको । | ● वनमा आधारित उद्यम विकास सहयोग गरिएको १६ वटा । |
| एच.आई.भि र एड्स | ६ जना संक्रमितहरूलाई परामर्श । | ● रोकथामका लागि परामर्श दिने व्यवस्था<br>● रक्त परीक्षण र परामर्श सेवा प्रदान गरिने गरिएको ।<br>● सचेतना कार्फक्रमहरु संचालन गरिएको | ● थप १ जना संक्रमित व्यक्तिहरुले परामर्श सेवा प्राप्त गरिरहेका । |
| विकासमा समान सहभागिता | | ● लक्षित समुह समन्वय समिति मार्फत सहभागिता अभिवृद्धिमा जोड दिइएको ।<br>● नासके, वडा नागरिक मंच र लक्षित समूह विकास कार्यक्रममा महिला सहभागिता वढी देखिएको छ ।<br>● लक्षित समूह विकास कार्यक्रमले लक्षित वर्गको पहुँग अभिवृद्धि गर्नका साथै विकासमा समान सहभागिताको अवसर सिर्जना गरेको छ ।<br>● जिविसको कार्यालयले दलित वर्ग समन्वय समिती, महिला समन्वय समिति र आदिवासी तथा जनजाती जिल्ला समन्वय समिति अन्तर्गत | ● समन्वय समितिहरुले बजेट तर्जुमा तथा कार्यान्वयन गर्नु ।<br>● महिला सहभागिता बढेको देखिनु । सामाजिक परिचालन, लक्षित समूह विकास कार्यक्रमले महिला सहभागिता वढाएको छ ।<br>● उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता ।<br>● लक्षित समूह विकास कार्यक्रमहरुमा ४३०० (५९%) महिला र ३०१८ (४१%) गरी जम्मा ७३१८ जनाको सहभागिता देखिएको ।<br>● सामाजिक परिचालन अन्तर्गत नागरिक |

| | | | |
|---|---|---|---|
| | | समावेशी प्रक्रिया अवलम्बन गरेको ।<br>● सम्वन्धित विषयहरुका लागि सम्वन्धित समन्वय समितिबाट नै वजेट खर्चहरु गर्ने गरिएको । | सचेतना केन्द्रका १०८२ सहभागीमध्ये ५३ % महिला र वडा नागरिक मंचमा सहभागी ७९३८ जनामध्ये ४१ % महिला सहभागिता रहेको । |
| **६ सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | १ देखि ३ घण्टा सम्म | ● सडक विस्तारका लागि लगानी भएको ।<br>● हिउँद महिनामा हरेक गाविस भवन सम्म यातायात सुविधा भएको छ भने वर्षादमा पुगेको छैन ।<br>● जिविसले विद्यमान ग्रामिण सडकहरुलाई बाह्रै महिना संचालन हुन सक्ने बनाउन जोड दिएको छ । जस अन्तर्गत यो वर्ष १८.७२ कि.मि सडक मर्मत भएको छ । | ● स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी भएको । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | १ देखि ८ घण्टा सम्म पैदल दूरी | ● सेवाकेन्द्रबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन कर्मचारीहरुको सेवालाई निरन्तरता दिइएको । | ● कृषि सेवाकेन्द्रहरुको संख्या ६ वटामात्र रहेकोछ । औषत १ सेवाकेन्द्रको सेवाक्षेत्र ६ वटा गाविस तथा नगरपालिका पर्ने गर्दछ । सेवा केन्द्र नरहेका सबै गाविसका बासिन्दाहरुको पहुँचमा सेवाकेन्द्रहरु नरहेका । |

| | | | |
|---|---|---|---|
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | १०० भन्दा वढी व्यक्तिहरू लाभान्वित भएका । <br>३ वटा समन्वय समिति क्रियाशिल रहेका । | • जिल्लामा दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, आदिवासी जनजाती जिल्ला समन्वय समिति, अपांग समन्वय समिति र महिला समन्वय समितिको गठन भएकोछ । <br>• स्थानीय निकाय स्रोत परिचालन निर्देशिका बमोजिमको बजेट विनियोजन भएको छ । <br>• जिविसले विभिन्न संघ संस्थाहरुमार्फत ५६ वटा गतिविधिहरु संचालन गरि १ करोड ४० लाख ६६ हजार रुपयाँ खर्च गरेको छ । | • महिला, पिछडिएको वर्ग र अपांग सशक्तिकरण कार्यक्रम जम्मा ५६ वटा संचालन भएको । जम्मा १ करोड ७९ लाख ७ हजार खर्च भएको । (गैससहरुको सूचना अद्यावधिक गर्नुपर्ने ।) <br>• अपांग समन्वय समितिको गठन भएको । <br>• जिल्लाका सबै गाविसहरुमा अपांग परिचय पत्र वितरण गरिएको छ । <br>• ११ जना दलित महिला, ७ जनजाती महिला र अन्य २ जनाले सिलाई कटाई तालिम र ७ जनाले मैनवत्ती बनाउने तालिम प्राप्त गरेका छन् । <br>• एकल महिला सशक्तिकण गतिविधि सांलन भएका छन् । <br>• ग्रामिण क्षेत्रमा घरेलु हिंसा विरुद्धमा गतिविधिहरु संचालन गरिएको छ । <br>• २० जना ११ महिला र ९ पुरुष) लाई सांकेतिक भाषा तालिम उपलब्ध गराइएको छ । |
| **७ संस्थागत क्षमता** | | | |
| जनशक्ति | ३९ जना | • १ जना उर्जा तथा वातावरण अधिकृत | • १ जना महिला कर्मचारी थप भएको । |

| | | | |
|---|---|---|---|
| | जनशक्ति । ( महिला ५ जना, दलित १ महिला, जनजाती १ महिला, मधेशी २ (१ महिला, ) मानव संशाधन तथा क्षमता विकास अन्तर्गत ७ लाख खर्च भएको । | • कार्यालय सहयोगी १ जना महिला थप<br>• जिल्ला विकास समितिमा ३९ जना जनशक्ति रहेको । (महिला ४ जना, दलित समुदायबाट ३ जना, जनजाती समदायबाट १५ जना र अन्य)<br>• ४ वटा विषयगत समिति, (दलित, अपांगता, महिला, जनजाती, समावेशी समिति, ) वटा समिति ।<br>• बाह्य परामर्शदाताहरु समेतको उपयोग हुने गरेको ।<br>• गाविस स्तरमा ६ जना प्राविधिक तीन वटा लक्षित समूह समितिहरु रहेका ।<br>• मानव संशाधन तथा क्षमता विकासका लागि ११ लाख ४३ हजार रुपयाँ खर्च गरिएकोछ । | • जनशक्ति विकास अन्तर्गत कर्मचारी तथा पदाधिकारीहरु, समेतलाई तालिम अध्ययन अवलोकन भ्रमणको आयोजना गरिएको । |
| नीति तथा कार्यक्रम | | • आवधिक जिल्ला विकास योजना निर्माण<br>• आवधिक गाउँ विकास योजनाहरुको निर्माण<br>• जेसि पोलिसीको निरन्तरता<br>• १ वटा जिल्ला परिषद सम्पन्न भएको । | • जिविसको कार्यालय नेपालका सबै जिविसहरु मध्ये न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा प्रथम हुन सफल ।<br>• सबै गाविसहरु एमसी पुरा गर्न सफल<br>• ५७ लाख पूँजीगत रकममा वृद्धि । |

| | | | |
|---|---|---|---|
| | | • चौमासिक ३, अर्धवार्षिक १, वार्षिक १ वटा समिक्षा वैठक सम्पन्न गरिएकोछ ।<br>• ६० वटा वैठक सम्पन्न ।<br>• परिषदबाट ५१ वटा विशेष प्रस्तावहरु नीति पारित भएको । | • ज्येष्ठ नागरिकहरुलाई वैंक खाता मार्फत ४ गाविस र १ नपामा जम्मा गरिएको । |
| भौतिक व्यवस्था | ३ वटा भवन रहेको । | • नयाँ भवन निर्माण गरिरहेको ।<br>• २ वटा ल्यापटप र २ वटा डेस्कटप खरिद गरिएको । (योजना तथा प्रशासन, सामाजिक विकास र योजना तथा प्रशासन ।) | • जिविस सँग २७ वटा कोठा भएका भवन ३ वटा ।<br>• सभाहल १ वटा ।<br>• १४ वटा डेस्कटप, ल्यापटप ७, फोटोकपी मेसिन २, प्रीन्टर, ११, मल्टिमिडिया प्रोजेक्टर १, फ्याक्स १ वटा टेलीफोन ८ वटा, स्क्यानर १, एडिएस एल इन्टरनेट, इमेल ।<br>• २ वटा गाडी, ७ मोटरसाइकल<br>• योजना, प्रशासन, वैकल्पिक उर्जा, वातावरण, सामाजिकविकास, सूचना, लेखा, आलेप) |
| समन्वय र सहकार्यका प्रयासहरू | | • वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र सीम एन आयोजना सँग सहकार्य । (२ जना जनशक्तिमा आंशिक सहयोग ।)<br>• सोलार (सिफारिस) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सँग ।<br>• विभिन्न साझेदार संस्थाहरुसँग समन्वय<br>• ४ वटा लक्षित समन्वय समिति | • |

| | | | |
|---|---|---|---|
| | | • ७ वटा समन्वय समिति (शिक्षा, खानेपानी, स्वास्थ्य, वन तथा वातावरण, घरेलु तथा साना उद्योग विकास समिति, कृषि विकास कार्यालय र पशु विकास कार्यालय लगायत) | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | • कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय र जिल्ला वन कार्यालयसँगको साझेदारीमा विभिन्न गतिविधि संचालन गरिएको ।<br>• (गैसस तथा साझेदार निकायहरुमा (अनौपचारिक शिक्षा, जिल्ला वाल कल्याण समिति, जिल्ला खेलकुद समिति, अपांग जिल्ला समन्वय समिति)<br>• नेपाल रेडक्रस सोसाइटी,<br>• जिल्ला दैवी प्रकोप उद्धार समिति | • जिविसले विभिन्न सामाजिक सम्पादनका क्षेत्रहरुमा आफ्नो समन्वयात्मक भूमिका प्रदान गरिरहेको छ । |

## ६.६. गत वर्षमा भोगेका समस्याहरू

अघिल्लो वर्षमा जिल्लाका विषयगत कार्यालयहरुले निम्न अनुसारका समस्याहरु महसुस गरेको छन् ।

- जनताबाट भएका सबै योजनाका माग सम्बोधन गर्न स्थानीय निकाय, विषयगत कार्यालयहरु र गैससहरुको आपूर्ति क्षमताबीच सन्तुलन नभएको ।
- आर्थीक स्रोत र जनशक्तिको कमी रहेको छ ।
- क्षमता विकासका लागि पर्याप्त र समय अनुकूल लगानी गर्न नसकिएको ।
- स्थानीय जनप्रतिनिधि विहीनताले विकासको स्वामित्वबोधमा कमी देखिएकोछ । जनसहभागिता स्वतःस्फूर्त देखिन सकेको छैन ।
- उपलब्ध स्रोतको लगानी एकमुष्ठ रुपमा हुन सकेको छैन । स्रोत छरिएर गएको अवस्था छ ।
- योजना तथा उपलब्धी मापनका लागि सबै निकायबाट खण्डीकृत तथ्यांक उपलब्ध हुन नसककेको ।
- जिविसबाट संचालित योजनाहरुको संख्या धेरै हुने भएकोले प्राविधिक कार्यालयको सिमीत जनशक्तिको कारणले नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्न कठिनाई भएको ।
- निर्माण व्यवसायीहरुले समय सीमा भित्र कार्यसम्पादन नगरिदिनु ।
- प्राविधिकहरुलाई समसामयिक तालिमको व्यवस्था नभइरहेको ।
- कतिपय कार्यालयहरुमा वार्षिक कार्यक्रम पटक पटक परिवर्तन भएको तथा थप कृयाकलापहरुका लागि निर्देशिका प्रष्ट नभएकोले कार्यक्रम संचालन गर्न समस्या देखिएको ।
- विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा जटिलता रहेको ।
- शिक्षक दरवन्दी मिलानमा चुनौती रहेको छ । नि.मा. र मा.वि. तहमा शिक्षक दरवन्दीको कमी
- कार्यक्रमको प्रभावकारी अनुगमन, प्रभाव विश्लेषण गर्ने संयन्त्र वा प्रावधान नभएको ।
- कतिपय मुहान सुक्ने, र कतिपय स्थानमा पानीको मूहानमा विवाद ।
- स्थानीय निकाय, गैर सरकारी क्षेत्र र गाविसबाट समेत भएका खानेपानी आपूर्ती सम्वन्धी तथ्यांकहरुलाई एकिकृत गर्न नसकिएको ।
- मर्मत सम्बन्धि योजनाहरुमा उपभोक्ता समिति इच्छुक नदेखिएको ।
- घरधुरी, जिल्लाको समग्र जनसंख्या, लगायतका केही महत्वपूर्ण तथ्यांकमा विभिन्न स्रोत र विभिन्न संख्या भएको देखिएको ।

## ६.७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव :

उपरोक्त समस्याहरु समाधानका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएकोछ ।

- स्थानीय निकायका परिषदले निर्णय र सिफारीस गरेका योजनाहरुमा पर्याप्त रकम विनियोजन हुनुपर्ने ।
- जनताको जीवनस्तरमा रुपान्तरण हुने योजनाहरुमा लगानी प्रवर्द्धन गर्नुपर्ने ।
- उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धिमा जोड दिने ।
- सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने
- नयाँ ढाँचा निर्माण, परिवर्तन, संशोधन तथा कार्यान्वयन गर्न पूर्व कार्यान्वयन तहमा छलफल गरिनुपर्ने ।
- प्राविधिकहरुलाई समसामयिक विषयहरुमा तालिमको व्यवस्था हुनुपर्ने ।
- उपभोक्ता समितिहरुलाई योजना संचालन अगाडि नै योजना सम्वन्धी तालिम दिनुपर्ने ।
- पर्याप्त बजेट तथा वार्षिक कार्यक्रम एकै समयमा र उपयुक्तसमयमा नै उपलब्ध हुनुपर्ने ।
- कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।
- कार्यक्रमहरुको सघन अनुगमन तथा प्रभाव मूल्यांकनहरु हुनुपर्ने ।
- विद्यालय अनुसार शिक्षक व्यवस्थापन गर्न सहयोगी वातावरण तयार हुनुपर्ने ।
- एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियाहरुमा समेत समन्वय र साझेदारीलाई अझै प्रभावकारी बनाउनु पर्ने ।
- महिला तथा वालवालिकाको मुद्धाका बारेमा सबै पक्षको सरोकार र चासो वृद्धि हुनुपर्ने ।
- गा.वि.स.हरुमा कृषि तथा पशु सेवा प्राविधिक भर्ना गरी सेवा दिने प्रावधान राख्नु पर्ने ।
- स्थानीय निकायहरुबाट कृषि क्षेत्रका लागि छुट्ट्याइने १५% बजेट कृषि क्षेत्रमै उपलब्धिमूलक ढंगले खर्च गर्ने वातावरण मिलाइनु पर्ने ।
- बढी गरिबी रहेको क्षेत्र र गरिबीको मारमा परेका समुदाय पहिचान भएको विवरण अद्यावधिक गरी गरिबी निवारण कार्यक्रम अझ बढी प्रभावकारी र नतिजामूलक हुने ।
- खानेपानी सुविधा उपलब्ध हुन नसक्ने क्षेत्रहरुमा रेनवाटर हार्भेस्टिंग, सोलर पंम्पिंग जस्ता नविनतम् र वैकल्पिक प्रविधिको प्रयोग गरिनुपर्ने ।
- सरसफाई प्रवर्द्धन सम्वन्धी गतिविधिहरुलाई परिवार तहको परिचालन प्रभावकारी बनाउनुपर्ने ।
- वन तथा वातावरण क्षेत्रलाई सामाजिक विकास, गरिवी निवारणसँग समेत जोडेर लानुपर्ने ।

सामाजिक परीक्षकको नाम : विदुर सुवेदी     दस्तखत :

मिति: २०७० असोज ३१ गते ।

## ७ विषयगत कार्यालयहरुको विवरण[2]

यस परिच्छेदमा विषयगत कार्यालयहरुको विवरण उल्लेख गरिएको छ । जसमा जिल्ला विकास सहित ८ वटा कार्यालयहरु र ३ वटा गैरसरकारी संस्थाहरुको विवरण उल्लेख गरिएकोछ ।

### ७.१ जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** जिल्ला स्वास्थ्य कार्यालय

**२. लक्ष्य**

क. जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्यअवस्थामा सुधार गर्नु

**३. मूख्य उद्देश्य**

क. स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।

ख. स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| बाल स्वास्थ्य कार्यक्रम | ३९७० जना<br>राष्ट्रिय खोप दिवस, पोषण कार्यक्रम, समदायमा आधारित वाल स्वास्थ्य कार्यक्रम | ३५६८ जना ।<br>९० प्रतिशत वालवालिकाले खोप प्राप्त गरेको ।<br>कुपोषित वालवालिकाको स्वास्थ्यमा सुधार ल्याइएको । वाल मृत्युका घटना नभएको । | (लक्ष्य वढी लिइएको हुनसक्ने ।) |
| पोषण कार्यक्रम | २० हजार एल्वेण्डाजोल वितरण<br>आइरन चक्की ३३८०<br>भिटामिन ए क्याप्सुल वितरण २४६०२ | १४१६४ वितरण भएको<br>३४०० आइरन चक्की वितरण भएको<br>भिटामिन ए क्याप्सुल वितरण १६१४४ | समग्र भौतिक प्रगति २७.५ प्रतिशत ( बजेट प्राप्त नभएको) |
| परिवार स्वास्थ्य | ३३८५४ जना । | १६७४८ जना (४९.४ | गत वर्षको ३७.१ |

[2] *बुदा १०.३ सँग सम्वन्धित अनुसूची- ३) सँग सम्वन्धित*

| | | | |
|---|---|---|---|
| कार्यक्रम | स्थायी बन्ध्याकरण १०० <br><br> आइयुडी सेवा ३०० <br> ईम्प्लान्ट सेवा ३०० <br><br> आमा सुरक्षा ८६१ जना <br> परिवार नियोजन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम र आउटरिच कार्यक्रम संचालन गर्नु । | प्रतिशत । <br> स्थायी बन्ध्याकरण १८ ( महिला १६ र पुरुष २ जना) <br> आईयुडी सेवा १५१ जना <br> ईम्प्लान्ट सेवा ४१५ जना <br> आमा सुरक्षा ६३० जना । <br><br> कन्ट्रासेप्टीक प्रयोग गर्नेहरुको संख्या ३४.२ प्रतिशतबाट बढेर ३७.१ पुगेको । <br> सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको । | प्रतिशत भन्दा वढी देखिएको । |
| रोग नियन्त्रण | टिवी, मलेरीया, कुष्ठरोग नियन्त्रण र एचआईभि नियन्त्रण कार्यक्रम संचालन गर्नु । | DOTs treatment centres बाट सेवा उपलब्ध गराइएको । <br> ६ जनाले एच आई भी पोजिटिभहरुले स्वास्थ्य सेवा लिइरहेका । ७६३ जनाको रक्त परीक्षण भएको । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. समन्वय (सरकारी तथा गैससहरुवीच)

ख. स्वास्थ्य सम्वन्धी शिक्षा, सूचना, तथा संचार

ग. वार्षिक समिक्षा तथा प्रतिवेदन

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार । वडा स्तरसम्म खोप सेवाको उपलब्धता । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | १६१४४ जना वालवालिकाहरुलाई खोप उपलब्ध गराइएको ।<br>कोही पनि वालवालिकाको झाडापखालाका कारण मृत्यु नभएको । |
| खोपमा पहुच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | ३५६८ जना । ९० प्रतिशत वालवालिकामा खोपको पहुंच पुगेको । |
| ४ पटक गर्ववती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | २२६२ जनाले (४८.८ प्रतिशत) जाँच गराएको । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ७०५ जना (१५.२ प्रतिशत) |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | नभएको |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | १५६९६७ (९६ प्रतिशत) |
| एच आई भि एड्स | १ जना ले थप परामर्श सेवा लिइरहेको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. बजेट तथा कार्यक्रम समयमा उपलब्ध नहुनु । उपलब्ध बजेट तथा अनुदान अपर्याप्त हुनु ।

ख. वार्षिक कार्यक्रममा पटक पटक परिवर्तन भएको तथा थप कृयाकलापहरुका लागि निर्देशिका प्रष्ट नभएकोले कार्यक्रम संचालन गर्न समस्या देखिएको ।

ग. कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था नभएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. बजेट कार्यक्रम समयमा उपलब्ध हुनुपर्ने ।

ख. बार्षिक कार्यक्रम एकै पटक उपलब्ध हुनुपर्ने ।

ग. कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।

घ. पर्याप्त मात्रामा बजेट अनुदान उपलब्ध हुनुपर्ने ।

## ७.२ जिल्ला शिक्षा कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** जिल्ला शिक्षा कार्यालय, धनकुटा

### २. लक्ष्य

क. शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँत वृद्धि गर्नु ।
ख. शिक्षाको गुणस्तर सुधार गर्नु ।
ग. समावेशीकरण र समाहिततामा वृद्धि ।
घ. सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।

### ३. मूख्य उद्देश्य

क. पहुँचका लागि छात्रवृतिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु ।
ख. गुणस्तर सुधारका लागि शैक्षिक सामग्री, शिक्षक तालिम र निरन्तर विद्यार्थी मुल्यांकन गर्नु
ग. क्षमता अभिवृद्धिका लागि प्रधान अध्यापक, विद्यालय व्यवस्थापन र लेखा सम्वन्धी तालिम दिने ।
घ. समावेशी तथा समाहितताका लागि अपांगता भएका विद्यार्थीलाई छात्रवृति, खाना र महिला शिक्षकको नियुक्तिमा जोड दिनु ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| साक्षर नेपाल कार्यक्रम | ११८५५ जना | ११८९४ जना | लक्ष भन्दा वढी उपलब्धि देखिएकको । |
| आधारभूत छात्रवृति | १४७०२ छात्रा<br>३२६५ दलित | १४७०२ छात्रा<br>३२२६ दलित | दलित छात्रवृतिको लक्ष केही वढी लिइएको । |
| छात्रवृति माध्यमिक | ८३५ जना | ८३५ जना | |
| द्वन्द्वपीडित छात्रवृति | १४ जना | १४ जना | |
| भवन निर्माण | २२ वटा | २२ वटा | |
| विद्यालय भवन मर्मत | १३ वटा | १३ वटा | |
| शिक्षक तालिम | आधाभूत ३०९<br>माध्यमिकक ५७ | आधाभूत ३०९<br>माध्यमिकक ५७ | |
| शौचालय निर्माण | २२ वटा | २२ वटा | |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. पत्रकारहरुसँग चौमासिक अन्तरक्रिया, फ्लेक्स मार्फत सूचना प्रकाशन, नोटिस वोर्डको प्रयोग गरिएको छ ।

ख. शैक्षिक मार्ग निर्देशिका पुस्तिका प्रकाशन गरी विद्यालयलाई वितरण गरिएको छ ।

ग. स्थानीय एफ.एम. र पत्रपत्रिकाहरुबाट शैक्षिक सूचनाहरु प्रशारण गरिने गरिएको छ

घ संचालन भएका भौतिक पूर्वाधार निर्माण, विद्यालय सुधार, शिशु विकास कार्यक्रम महिला साक्षरता कार्यक्रमहरुको नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिएकोछ ।

ङ शिक्षक दरवन्दी मिलान, गरिएको ।

च सरोकारवालाहरुलाई वार्षिक कार्यक्रमको प्रवोधिकरण गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| पहुँच अभिवृद्धि (समाहित तथा समावेशीकरणका लागि भएका कामहरु) | • अपांगता भएका आधारभूत तहमा ३०६ जना र माध्यमिककक तहमा २६ जनालाई छात्रवृति प्रदान ।<br>• दलित छात्रवृति अन्तर्गत आधारभूत तहमा ३२२६ जना र माध्यमिक तहमा ३६६ जना<br>• सिमान्तकृत समुदाय अन्तर्गत आधारभूत तहमा २७४ जना र माध्यमिक तहमा २२ जना ।<br>• छात्रा छात्रवृति अन्तर्गत १४७०२ जनालाई छात्रवृति प्रदान ।<br>• द्वन्द्व पीडित १४ जनालाई छात्रवृति ।<br>• ३७४८२ जनाका लागि पाठ्यपुस्तक निकासा भएको । |
| गुणस्तर सुधार | • आधारभूत तहमा ३०९ जना र माध्यमिक तहमा ५७ जनालाई तालिम उपलब्ध गराइएको ।<br>• २२ वटा विद्यालय भवन निर्माण र १३ वटामा मर्मत सहयोग उपलब्ध गराइएको । |

| | |
|---|---|
| साक्षरता अभिवृद्धि | • जिल्लाको कूल १६८८५० मध्ये १५ वर्ष देखि ६० वर्ष उमेर समूहसम्मको साक्षरता प्रतिशत ७३ रहेको ।<br>• यस वर्ष अनौपचारिक शिक्षा साक्षर नेपाल अभियान अन्तर्गत जिल्लाका ११६४० जना सहभागी भएका । जसमा पुरुष १६४७ र महिला ९९९३ जना रहेका । |
| शौचालय भएका विद्यालय | • ३२७ वटा विद्यालयमा शौचालयको व्यवस्था भएकको । यस वर्ष २२ वटा थप गरिएको छ । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

क. विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया ।

ख. शिक्षक व्यवस्थापन ( शिक्षक दरवन्दी मिलान) मा चुनौती

ग. शिक्षकहरुबाट लिइएका तालिमहरुको कार्यक्षेत्रमा कम प्रयोग

घ. नि.मा. र मा.वि. तहमा शिक्षक दरवन्दीको कमी ।

ङ. वेरुजुको मात्रा वढ्दै गएको ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. सघन निरीक्षण र अनुगमन गर्नुपर्ने ।

ख. वेरुजु फछ्र्यौट समयमा नै गराउनुपर्ने ।

ग. विद्यालय अनुसार शिक्षक व्यवस्थापन हुनुपर्ने ।

घ. एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच समन्वय गर्नुपर्ने ।

## ७.३ महिला तथा वालवालिका कार्यालय

**१. विषयगत कार्यालय :** महिला तथा वालवालिका कार्यालय

**२. लक्ष्य**

आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक रुपमा पिछडिएका र अवसरबाट वञ्चित रहेका विपन्न महिलाहरुको विकासका लागि चरणवद्धरुपमा चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालन गर्दै स्थानिय स्तरमा महिलाहरुको सक्षम र आत्मनिर्भर सामुदायिक संस्थाहरुको विकास तथा प्रवर्द्धन गर्ने र त्यसका लागि सहकार्यको अवधारणालाई समेत प्राथमिकता दिने ।

**३. मूख्य उद्देश्य**

क. महिला सशक्तिकरण गरी लैंगिक मूलप्रवाहिकरण गर्ने, गराउने ।

ख. सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।

ग. श्रोत साधन र रोजगारका अवसरमा महिला वर्गको पहुँच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्ने ।

घ. सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।

ङ. महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र गैह्रसरकारी संस्थाहरुको समन्वयकर्ता, सम्पर्क सुत्र र सहजकर्ताको भूमिका निर्वाह गर्न सम्पर्क निकाय भइ कार्य गर्ने

च. वालअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| महिला समिति अन्तर्गत व्यवसायिक समूह विकास | ३ वटा | ३ वटा | |
| लैंगिक हिंसा निवारण | सूचना संकलन गर्ने । | १२९ वटा घटना विवरण अद्यावधिक भएको । | |
| वालअधिकारको सम्वर्धन | वालअधिकारको संरक्षण | २ वटा वालक्लव थप भई | |

| | | | |
|---|---|---|---|
| | गर्ने ।<br>वकालत गर्ने<br>भएको प्रयासहरुको अनुगमन मूल्यांकन गर्ने ।<br>सचेतना बढाउने । | २९ वटा पुगेका ।<br>गाउँ संरक्षण समिति २२ वटा ।<br>वालैत्री वातावरण निर्माणका लागि सचेतना बढेको ।<br>वालगृहहरुको अनुगमन भएको । | |
| मूल प्रवाहिकरण सम्पर्क निकाय सेवा | ५ वटा वैठक तथा अन्तरक्रिया | ५ पटक वैठक सम्पन्न । | |
| सामाजिक परिचालन | चालुकोष वितरण | सम्पूर्ण रकम वितरण भएको । | |
| सूचना शिक्षा र संचार | महिला संस्थाको तुलनात्मक विवरणीका प्रकाशन | १ वटा विवरणीका प्रकाशन भएको । | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. जनचेतनामूलक कार्यक्रम

ख. सीप विकास तालिम

ग. चालुकोष वितरण तथा अनुगमन र मूल्यांकन ।

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| महिला सशक्तिकरण | • ४०० जना महिला संस्था, समितिका सदस्इहरुलाई समविकास तथा सीप विकास तालिम र अनुशिक्षणबाट सशक्तिकरण गरिएको ।<br>• महिलाहरुको आय अभिवृद्धिका लागि विभिन्न समिति तथा समूहहरु गठन गरि महिला परिचालन भएको । |
| महिला हिंसा न्यूनीकरण | • महिला हिंसा सम्वन्धी परेका ८५ वटा उजुरीहरुमा ७३ वटा न्यूनीरकण गरिएको ।<br>• महिलासँग काम गर्ने संस्थाहरुसँग मिलेर महिला हिंसा विरुद्धका अभियानहरु संचालन भएको । |

| | |
|---|---|
| वालवालिका सम्वन्धी कार्यहरु | ● १० जना वालवालिकाहरुलाई १२ हजार सहयोग भएको । <br> ● वालअधिकारको संरक्षण र प्रवर्द्धन सम्वन्धी २ पटक तालिम संचालनगरिएको । |
| वालक्लवहरुको अवस्था | ● २९ गाविसहरु र धनकुटा नपाका ८ वटा वडाहरुमा वालक्लव तथा १ वटा जिल्ला संजालको गठन तथा परिचालन भइरहेको । <br> ● २२ वटा वालसंरक्षण उपसमितिहरुबाट सहजीकरण भइरहेको । |
| रोजगारीको अवस्था | ● ३०० महिलाहरुलाई ३ लाख प्रदान गरी तरकारी खेती गरिरहेका । |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

क. निस्कृय भएका समूह सदस्यहरुलाई सक्रिय गर्न कठिन भएको ।
ख. बजेट समयमा नआएको र कम बजेट भएको ।
ग. बाल सरोकारमा कम चासो देखिएको ।
घ. यातायातको साधनको अभाव तथा जनशक्तिको कमी भएकोहुँदा अनुगमन प्रकृयालाई निरन्तरता दिन कठिनाइरहेको

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. बढीरहेको महंगी अनुसार पर्याप्त बजेट समयमा नै उपलब्ध हुनुपर्ने ।
ख. महिला तथा वालवालिकाको मुद्धाका बारेमा सबै पक्षको सरोकार र चासो वृद्धि हुनुपर्ने ।
ग. सरोकारवाला संस्थाहरुवीच समन्वयको जरुरी रहेको ।
घ. महिला हिंसा न्यूनीकरण गर्न सामूहिक प्रयास गर्नुपर्ने ।

## ७.४ जिल्ला विकास समितिको कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** जिल्ला विकास समितिको कार्यालय

**२. लक्ष्य**

ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिंदै पूँजीको निर्माण र परिचालन गर्ने क्रममा ग्रामिण अर्थतन्त्रलाई मजबुत स्वाबलम्बी बनाउन सहयोग पुऱ्याउनु ।

**३. मूख्य उद्देश्य**

क. सहभागितात्मक योजना तर्जुमा र दिगो विकास गर्नु ।
ख. दिगो कृषि प्रणाली स्थापित गर्नु ।
ग. लैंगिक समानता र सामाजिक समावेशीकरण गरी सामाजिक न्यायको प्रवर्द्धन गर्नु ।
घ. स्थानीय निकायको संस्थागत विकास गर्नु ।
ङ. सामाजिक तथा समावेशी विकास नीति अवलम्बन गरी सहभागीतामूलक अनुगमन तथा मूल्यांकन प्रकृयालाई संस्थागत गर्नु ।
च. ग्रामिण पूर्वाधारको स्तरोन्नती गर्नु ।
छ. सुशासन प्रवर्द्धन गर्नु ।
ज. विकास साझेदारहरु, विषयगत कार्यालयहरु, गैससहरु तथा विभिन्न निकायहरुवीच समन्वय गर्नु ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| भौतिक प्रगति तर्फ | खानेपानी योजना ७ वटा<br><br>खुल्ला दिसामुक्त अभियान ।<br>ग्रामिण सडक ३८ वटा<br>सिंचाई ७ वटा<br><br>झोलुंगेपुल निर्माण तथा नियमित मर्मत : १२ | खानेपानी योजना ७ वटा (मर्मत ३, नयाँ ४ वटा) (३६५७ जना लाभान्वित भएका)<br>शौचालय निर्माण ७०५ वटा<br>ग्रामिण सडक ३८ वटा जसमध्ये २.४० कि.मि. नयाँ ट्र्याक निर्माण भएको छ भने १८.७२ कि.मि. मर्मत कार्य भएको छ ।<br>सिंचाई ७ वटा (१९८४ रोपनीमा सिंचाई)<br>झोलुंगेपुल १२ वटा । | |

| | | | |
|---|---|---|---|
| लक्षित समुदाय विकास कार्यक्रम | जम्मा बजेट : रु. ५१६४९४२<br>योजना : ६२ वटा<br>आदिवासी जनजाती विकास कार्यक्रम तर्फ रु ११ लाख विनियोजन गरेको । (आँखिसल्ला केन्द्रित पूर्वाधार विकास ) ?<br>दलित वर्ग उत्थान तर्फ : १३२५ हजार विनियोजन गरेकको ।<br>महिला लक्षित तर्फ ११ लाख विनियोजन<br>वालवालिकाका लागि १० लाख ५ हजार विनियोजन भएको । | जम्मा खर्च : ५१६०९४२<br>सम्पन्न योजना : ६२ वटा<br>(दलित वर्ग उत्थान १२ वटा, आदिवासी जनजाती १५, अपांग सहयोग २ वटा, महिला विकास कार्यक्रम २० वटा, ज्येष्ठ नागरिक २ वटा र वाल विकास कार्यक्रम ११ वटा) जम्मा लाभान्वित समुदाय ७३१८ जना ।<br>आदिवासी जनजाती जिल्ला समन्वय समितिको १ वटा मात्र वैठक सम्पन्न । (योजना छनौटका लागि)<br>फागुन २४ गते दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको १ वटा वैठक सम्पन । (बजेट विनियोजन, समवेदना लगायत ।)<br>अपांग समन्वय समितिको गठन चैत्र ४ गते । वैठक १ वटा सम्पन्न ।<br>महिला समन्वय समितिको ५ वटा वैठक सम्पन्न । | |
| सामाजिक परिचालन कार्यक्रम | सेवा प्रदायक संस्थाहरु मार्फत सामाजिक परिचालन गर्नु । | ३५ गाविसमा सामाजिक परिचालन ।<br>सेवा प्रदायक संस्था : ६ वटा ।<br>नागरिक सचेतना केन्द्र : ३५ वटा ( सदस्य संख्या : ११८२ जना)<br>वडा नागरिक मञ्च : ३१५ वटा ( सदस्य संख्या ७९३८ जना ।<br>(महिला ३२५१, पुरुष ४६८७) | |
| क्षमता विकास कार्यक्रम | कर्मचारीहरुको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्नु । | सामाजिक परिचालक, राजनीतिक दलका प्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि तालिम र अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरेको । | |
| सामाजिक सुरक्षा कार्यक्रम | | २२७१ महिला र २६४४ पुरुष गरी जम्मा ४९१५ जनाले ज्येष्ठ नागरिक भत्ता प्राप्त गरेको । | |

| | | | |
|---|---|---|---|
| | | असहाय विधवा भत्ता १९९४ जनाले प्राप्त गरेको ।<br>६९ जनाले अशक्त भत्ता भाएको ।<br>दलित ज्येष्ठ नागरिकहरु ८५३ जनाले भत्ता प्राप्त गरेको ।<br>जिविसले कूल ६०६४४ हजार रकम सुरक्षा कार्यक्रम अन्तर्गत खर्च गरेको ।<br>सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेको । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. आवधिक जिल्ला विकास योजना निर्माण गरिएको ।

ख सडक निर्माणलाई बाह्रै महिना निरन्तर दिनका लागि सडक योजनाहरुमा संरचना निर्माणमा तिब्रता तथा ममृत कार्यलाई प्राथमिकता दिइएको ।

ग स्थानीय तहमा रोजगारी प्रवर्द्धन गर्ने सीपमूलक कामहरुलाई प्राथमिकता दिने नीति तर्जुमा ।

घ. सामाजिक सुरक्षा भत्ता वितरण बैंक मार्फत गर्ने प्रक्रियालाई निरन्तरता दिइएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| लक्षित समुदाय विकास कार्यक्रम | • आदिवासी जनजातीय विकास कार्यक्रम तर्फ रु ११ लाख विनियोजन गरेको ।<br>• दलित वर्ग उत्थान तर्फ : १३२५ हजार विनियोजन गरेकको ।<br>• महिला लक्षित तर्फ ११ लाख विनियोजन<br>• वालवालिकाका लागि १० लाख ५ हजार विनियोजन भएको ।<br>• आदिवासी जनजाती जिल्ला समन्वय समितिको १ वटा मात्र वैठक सम्पन्न । (योजना छनौटका लागि)<br>• फागुन २४ गते दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको १ वटा वैठक सम्पन । (बजेट विनियोजन, समवेदना लगायत ।)<br>• अपांग समन्वय समितिको गठन चैत्र ४ गते । वैठक १ वटा सम्पन्न ।<br>• महिला समन्वय समितिको ५ वटा वैठक सम्पन्न । |

| | |
|---|---|
| सामाजिक परिचालन कार्यक्रम | • सामाजिक परिचालन : ३५ बटा गाविसहरुमा पाँचवटा गैससहरु र स्थानीय विकास कोष मार्फत सामाजिक परिचालन भइरहेको<br>सेवा प्रदायक संस्था : ६ वटा ।<br>नागरिक सचेतना केन्द्र : ३५ वटा<br>(सदस्य संख्या : ११८२ जना । महिला ५७६, पुरुष ५०६ जना ।)<br>वडा नागरिक मञ्च : ३१५ वटा (सदस्य संख्या ७९३८ जना । महिला ३२५१, पुरुष ४६८७) |
| क्षमता विकास | • सामाजिक परिचालन तालिम ४४ जना सामाजिक परिचालकहरुलाई उपलब्ध भएको ।<br>• राजनीतिकक दलका प्रतिनिधिहरुलाई अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको ।<br>• सामाजिक परिचालकहरुलाई परियोजना प्रस्ताव लेखन तालिम दिइएको ।<br>• कर्मचारी र सचिवहरुलाई स्रोत परिचालन कार्यविधि सम्वन्धी तालिम दिइएको ।<br>• कर्मचारीहरुको क्षमता अभिवृद्धि अन्तर्गत अध्ययन अवलोकन भ्रमण ४ दिने । (अध्ययन अवलोकन भ्रमण,को प्रतिवेदन राख्न राम्रोह ुने । )<br>• जिविससँग सम्वन्धित नियमावलीहरुकको कार्यान्वयनमा जोड दिइएको । |
| रोजगारी सिर्जना | • विभिन्न भौतिक पूर्वाधारका कामहरुबाट जम्मा ५०९९७ दिन रोजगारी सिर्जना भएको । |
| विकासमा समान सहभागिता | • लक्षित समुह समन्वय समिति मार्फत सहभागिता अभिवृद्धिमा जोड दिइएको ।<br>• नासके, वडा नागरिक मंच र लक्षित समूह विकास कार्यक्रममा महिला सहभागिता वढी देखिएको छ ।<br>• लक्षित समूह विकास कार्यक्रमले लक्षित वर्गको पहुँग अभिवृद्धि गर्नका साथै विकासमा समान सहभागिताको अवसर सिर्जना गरेको छ । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | • महिला समन्वय समितिका ५ वटा वैठक बजेट सम्पन्न । बैठकहरु वजेट पुनरावलोकन र कार्यान्वयन सँग सम्वन्धित रहेका । २२ वटा संस्था, समूह तथा व्यक्तिहरुले रु. १३ हजार देखि १ लाख ४० हजार सम्म खर्च गरेको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. जनताका मागहरु पुरा हुन सकेनन् । योजनाको माग र जिविसको आपूर्ति क्षमताबीच सन्तुलन नभएको ।

ख. स्रोतको कमी रह्यो । क्षमता विकासको यथेष्ट र समय अनुकूल लगानी गर्न नसकिएको ।

ग. स्थानीय जनप्रतिनिधि विहीनताले विकासको स्वामित्वबोधमा कमी भएको । जनसहभागिता स्वतःस्फूर्त देखिन सकेन ।

घ. सशर्त बाहेकका योजनाहरुबाट ठूला योजना निर्माण गर्न कठिनाई, स्रोत छरिएर गएको अवस्था रह्यो ।

ङ योजना तथा उपलब्धी मापनका लागि सबै निकायबाट खण्डीकृत तथ्यांक उपलब्ध हुन नसककेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. स्थानीय निकायका परिषदले निर्णय र सिफरीस गरेका योजनाहरुमा पर्याप्त रकम विनियोजन हुनुपर्ने ।

ख. जनताको जीवनस्तरमा रुपान्तरण हुने योजनाहरुमा मात्र लगानी प्रवर्द्धन गर्नुपर्ने ।

ग. उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि मार्फत जनपरिचालन बढाउनुपर्ने ।

घ सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने ।

ङ नयाँ ढाँचा निर्माण, परिवर्तन, संशोधन तथा कार्यान्वयन गर्न पूर्व कार्यान्वयन तहमा छलफल गरिनुपर्ने ।

## ७.५ जिल्ला प्राविधिक कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** जिल्ला प्राविधिक कार्यालय, धनकुटा

**२. लक्ष्य**

क. जिल्लाको भौतिक पूर्वाधार निर्माणमा प्राविधिक सहयोग उपलब्ध गराउँदै अनुगमन गर्नु ।

**३. मूख्य उद्देश्य**

क. जिविसबाट सञ्चालित पूर्वाधार बिकास सम्वन्धी योजनाहरुको लगत ईष्टमेट, मूल्यांकन लगायतका अन्य प्राविधिक कार्यहरु गर्ने ।

ख. शान्ति तथा पूनर्निमाण मन्त्रालय अन्तर्गतका योजनाहरुको सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने ।

ग ग्रामिण पूनःनिर्माण तथा पूनःस्थापना आयोजनाको सम्पूर्ण कार्यक्रमहरु प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| पुनः निर्माण तथा पुनः स्थापना कार्यक्रम ( डोलीडार) | १७ वटा | ८ वटा सम्पन्न भई बाँकी आयोजनाहरुमा ७० प्रतिशत उपलब्धि हासिल भएको । | |
| पुनः निर्माण तथा पुनः स्थापना कार्यक्रम (शान्ति तथा पुनर्निमाण मन्त्रालय) | छिन्तांग शहीद पार्क निर्माण र २ वटा नमूना गाउँ निर्माण (छिन्तांग र राजारानी) | गत आवको कार्यक्रम मध्ये ९८ प्रतिशत प्रगति हासिल गरेको । | |
| शान्तिका लागि विकास कार्यक्रम | ९ वटा | गत आवको कार्यक्रम मध्ये १०० प्रतिशत उपलब्धि हासिल भएको । | |
| आर आर आर एस डी पी | ३ वटा | २ वटा आयोजना सम्पन्न भई र गत आवको कार्यक्रम मध्ये ८५ प्रतिशत प्रगति भएको । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. सरोकारवाला निकायहरुवीच समन्वय,

ख. निरन्तर अनुगमन

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| रोजगारी प्रवर्द्धन | निर्माणकार्य सम्पन्न हुने चरणसम्म रोजगारी सिर्जना हुने गरेको । |
| विकासमा समान सहभागिता | उपभोक्ता समिति निर्माणकार्य समावेशी हुने गरेको |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. जिविसबाट संचालित योजनाहरुको संख्या धेरै हुने भएकोले प्राविधिक कार्यालयको सिमीत जनशक्तिको कारणले नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्न कठिनाई भएको ।

ख. निर्माण व्यवसायीहरुले समय सीमा भित्र कार्यसम्पादन नगरिदिनु ।

ग. प्राविधिकहरुलाई समसामयिक तालिमको व्यवस्था नभइरहेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. प्राविधिकहरुलाई समसामयिक विषयहरुमा तालिमको व्यवस्था हुनुपर्ने ।

ख. उपभोक्ता समितिहरुलाई योजना संचालन अगाडि नै योजना सम्वन्धी तालिम दिनुपर्ने ।

## ७.६ जिल्ला पशुसेवा कार्यालय

**१. विषयगत कार्यालयको नाम :** जिल्ला पशु सेवा कार्यालय

**२. लक्ष्य**

**पशु प्रसार सेवा उपलब्ध गराउनु । जस अन्तर्गत ।**

क. आहारा सेवा

ख. नश्ल सुधार कार्यक्रम

ग. तालिम तथा प्रसार प्रचार

घ. पकेट प्याकेज कार्यक्रम

**३. मूख्य उद्देश्य**

क. भौगोलिक आधारमा पशुजन्य पदार्थको उत्पादकत्व वढाई सहयोग पुऱ्याउने

ख. रोजगारिमूलक अवसरहरु वढाउने

ग. स्थानिय पशुहरुमा नश्ल सुधार गर्ने

घ. कृषकहरुलाई समुहगत रुपमा सेवा पुऱ्याउने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| **संचालित कार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| पशु आहारा सेवा | २५ हेक्टर जै र मेच | ९२० मैट्रिक टन हरियो घाँस उत्पादन भई आहारा व्यवस्थापनमा सुधार भएको । | |
| नश्ल सुधार | १०३२ गाई र ३७३ भैंसीमा नश्ल सुधार | नश्ल सुधारमा भई दुध उत्पादनमा वृद्धि | |
| तालिम तथा प्रचार प्रसार | गाई, भैंसी, बाखा र बंगु पालन तालिम | पशुपालन व्यवसायमा सुधार भई उत्पादनमा वृद्धि भएको । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

क. समूह, समिति निर्माण

ख. हितकोष रकम व्यवस्थापन

ग. आय आर्जनमा वृद्धि

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| गरिवी निवारण प्रयासहरु | • नश्ल सुधारका लागि २० वटा वीउको बोका वितरण गरिएको ।<br>• कृत्रिम गर्भाधानबाट नश्ल सुधार गरिएको ।<br>• आहाराका लागि घाँसको वीउ वितरण गरिएको । दैनिक १४ हजार लिटर दुध विक्रीबाट  ५ लाख ४० हजार आम्दानी हुने गरेको ।<br>• ७० वटा कुखुरा फर्महरुबाट २०० देखि २००० सम्म कुखुराको कारोबार भइरहेको ।<br>• पशु व्यवसायबाट दैनिक रु ६३४ हजारको कारोबार भइरहेको । |
| विकासमा समान सहभागिता | • महिला जनजाति दलित महिला लक्षित गरि कार्यक्रम संचालन भएको । |
| सेवामा पहूँच | • सेवाकेन्द्रहरु टाढा रहेका । यद्यपी सेवाकेन्द्रहरु मार्फत किसानहरुलाई पशु विकास, पशु आहारा, नश्ल सुधार तथा पशु स्वास्थ्य कार्यक्रमहरबारे सेवा दिइरहेको । |
| रोजगारी सिर्जना | • कुखुरापालनबाट १५० जना ।<br>• डेरी व्यवसायबाट ३० जना । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. कार्यक्रमको प्रभाव विश्लेषण गर्ने संयन्त्र वा प्रावधान नभएको ।

ख. अस्थीर राजनीतिक माहौलका कारण समयमा कार्यक्रमहरु कार्यान्वयन गर्न कठिनाई भएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. विभिन्न सरोकारवालाहरुले पशुपालन सम्वन्धि कार्यक्रमहरु यस कार्यालयसँग समन्वय गरी संचालन गर्नुपर्ने ।

## ७.७ जिल्ला कृषि विकास कार्यालय

**१. विषयगत कार्यालयको नाम :** जिल्ला कृषि विकास कार्यालय, धनकुटा

**२. लक्ष्य :**

क. खाद्यान्न बालीको उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सम्बर्द्धन ।
ख. निर्यात योग्य कृषि बालीहरुको व्यावसायिकरण, प्रबर्द्धन र विकास ।
ग. कृषि क्षेत्रमा आयमूलक र उत्पादनशील रोजगारीका अवसरमा बृद्धिबाट गरिबी न्यूनीकरणमा टेवा ।
घ. कृषकहरुको आयमा बृद्धि र जीवनस्तर उकास्न सहयोग ।

**३. मुख्य उद्देश्य**

क. कृषकहरुले प्रयोग गर्दै आएका कम उत्पादनशील प्रविधिको सट्टा बढी उत्पादनशील नयाँ प्रविधिको प्रयोग गराउने ।
ख. बजार मागका आधारमा व्यावसायिक रुपमा आउन सक्ने बालीको पहिचान, विकास र बजार प्रबर्द्धन ।
ग. समयानुकूल सरल, सस्तो र प्रभावकारी नयाँ प्रविधिहरु कृषक समक्ष पुऱ्याउने ।
घ. व्यावसायिक रुपमा आउन सक्ने बालीहरुको पकेट क्षेत्रको छनौट गरी व्यावसायिकरणका लागि प्रोत्साहन गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| १. कृषि प्रसार कार्यक्रम | | | |
| १.१ खाद्य सुरक्षा कार्यक्रम | | | |
| १.१.१ सघन बाली विकास आयोजना गँहु-५, मुसुरो-५, तोरी-१०, मकै-१५ र धान-५ हे. (जितपुर, सान्ने, ध.न.पा.-३, भिरगाउँ, मुगा, लेगुवा) | क्षेत्रफल - ४० हे.<br>उत्पादन - ७४ मे.टन<br>बजेट रु. - ३०७.९ हजार | क्षेत्रफल - ४० हे.<br>उत्पादन - ७४ मे.टन<br>प्रत्यक्ष लाभान्वीत कृषक संख्या : १०५ | ५०% अनुदानमा उन्नत बीउ बितरण, उत्पादन प्रदर्शन, आकस्मिक बाली संरक्षण, मेटलबीन बितरण जस्ता क्रियाकलापहरु संचालन गरिएको । |
| १.१.२ बीज बृद्धि आत्म निर्भर आयोजना मकै-७ हे., धान-३ हे., मसुरो-१ हे., गहुँ-४ हे. (भिरगाउँ, चुङवाङ, जितपुर, फाक्सिब र घोर्लिखर्क) | क्षेत्रफल- १५ हेक्टर<br>बजेट रु.- १०४ हजार | क्षेत्रफल- १५ हेक्टर<br>बीउ उत्पादन :<br>मकै- ४.५ मे.टन<br>धान- ४.२५ मे.टन (अपेक्षित)<br>गहुँ- ४ मे.टन<br>मुसुरो- ०.३ मे.टन<br>प्रत्यक्ष लाभान्वीत कृषक संख्या : ५० | ५०% अनुदानमा स्रोत बीउ (मुल बीउ) उपलब्ध गराएको । |
| १.२ सुन्तलाजात फलफूल | क्षेत्रफल- १० | क्षेत्रफल १० हेक्टर | ५०% अनुदानमा विरुवा बितरण, |

| | | | |
|---|---|---|---|
| क्षेत्र बिस्तार आयोजना ( खोकु, छिन्ताङ, मौनाबुधुक, ध.न.पा., खुवाफोक) | हेक्टर उत्पादन- ९० मे.टन बजेट रु.- ८३.१ हजार | उत्पादन ९० मे.टन अपेक्षित प्रत्यक्ष लाभान्वीत कृषक संख्या : ४० | स्थलगत तालिम २ वटा गरिएको । |
| १.३ निर्यातमुखी तरकारी उत्पादन आयोजना ( परेवादिन, ध.न.पा., बेलहरा, ताङ्खुवा, छिन्ताङ, आँखिसल्ला, बुढीमोरङ, डाँडाबजार, भेडेटार, भिरगाउँ, मूर्तिढुङ्गा) | क्षेत्रफल १५ हे. उत्पादन ५२० मे.टन बजेट रु १३७.१ हजार | क्षेत्रफल १५ हे. उत्पादन ३५८ मे.टन प्रत्यक्ष लाभान्वीत कृषक संख्या : ८४ | ५०% अनुदानमा तरकारीको बीउ बितरण, तरकारी प्याकेज प्रदर्शन, प्लाष्टीक क्रेट बितरण, स्थलगत तालिम, आई.पी. एम. परजीवी प्रयोग प्रदर्शन, आकस्मिक बाली संरक्षण, प्लाष्टीक घरका लागि ५०% मूल्य अनुदानमा प्लाष्टी बितरण कार्यक्रमहरु संचालन गरिएको । |
| १.४ बजार विकास आयोजना | बजेट रु १३४ हजार | प्रत्यक्ष लाभान्वीत कृषक संख्या : ७५ | बजार सेड तथा संकलन केन्द्र निर्माणका लागि कर्कटपाता सहयोग १, बजार मूल्य संकलन, आर्थिक विश्लेषण, सरोकारवाला को गोष्ठी, अवलोकन स्थलगत तालिम कार्यक्रमहरु संचालन गरिएको । |
| १.५ गरिबी निवारणसम्बन्धी कार्यक्रम - विपन्न वर्ग सहयोग आयोजना | बजेट रु ७२ हजार | प्रत्यक्ष लाभान्वीत कृषक संख्या : ५२० | तरकारी किट बितरण, तरकारी प्याकेज प्रदर्शन, खाद्यान्न सिडकिट बितरण, स्थलगत तालिम, कार्यक्रमहरु संचालन गरिएको । |
| १.६ कृषि प्रसार सेवा आयोजना | बजेट रु १०३० हजार | प्रत्यक्ष लभान्वीत कृषक संख्या : २५६० | धान दिवश मनाउने, विश्व खाद्य दिवश मनाउने, आँप, अलैंची तथा अदुवामा समस्या निदान अभियान, २५% अनुदानमा मौरी घार तथा ५०% अनुदानमा सामग्री बितरण, स्थलगत तालिमहरु, ५०% अनुदानमा च्याउको बीऊ बितरण, तरकारी सिडकिट बितरण, तरकारी उत्पादन प्रदर्शन, खाद्यान्न बीऊ किट बितरण, बर्षे तथा हिउँदे फलफूल विरुवा ढुवानी तथा बितरण, २५% अनुदानमा स्प्रेयर बितरण, खाद्यान्न बालीहरुको उत्पादन प्रदर्शन, माछा भूरा ढुवानी तथा बितरण, आइ.पी.एम. परजीवी प्रयोग प्रदर्शन, माटो परीक्षण शिवीर संचालन, सूक्ष्मतत्व प्रयोग प्रदर्शन, प्राविधिक तथा कृषकहरुलाई क्षेत्रीय स्तर र केन्द्रीय स्तरको तालिममा पठाउने, जिल्ला स्तरीय तालिम आयोजना, मिनि पावर टिलर २५% अनुदानमा बितरण, प्लान्ट क्लिनिक संचालन, विषादि न्यनीकरण |

| | | | |
|---|---|---|---|
| | | | जनचेतना अभिबृद्धि गोष्ठी संचालन आदि कार्यक्रमहरु संचालन गरिएको । |
| २. सहकारी खेति, साना सिंचाइ कार्यक्रम<br>२.१ सहकारीमा आधारित साना सिंचाई स्किम संचालन( भेडेटार गा.वि.स. वार्ड नं. ५, (ओलनटार)<br>२.२ साना सिंचाइ निर्माण तथा मर्मत सम्भार<br><br><br>२.३ सहकारी खेति स्कीम संचालन (परेवादिन गा.वि.स. वार्ड नं. ५) | <br><br>संख्या- १<br>बजेट रु २७०<br>हजार<br><br><br>संख्या- २३<br>बजेट रु १७२५<br>हजार<br><br>संख्या- १<br>बजेट रु ५३५<br>हजार | <br><br>आयोजना संख्या १<br>प्रत्यक्ष लाभान्वीत कृषक संख्या ३५<br>क्षेत्रफल २१ हेक्टर<br><br>आयोजना संख्या २९<br>प्रत्यक्ष लाभान्वीत कृषक संख्या ९१६<br>क्षेत्रफल ४२१ हेक्टर<br>आयोजना संख्या १<br>लाभान्वीत परिवार संख्या ४२<br>क्षेत्रफल २० हेक्टर | <br><br>पाइप सिंचाइ नयाँ निर्माण ।<br><br><br><br><br>नयाँ सिंचाइ योजना निर्माण तथा पुराना योजना मर्मतमा सहयोग ।<br><br><br>नयाँ पानी ट्याङ्की निर्माण, सहायक पाइपलाइन निर्माण, कृषि औजार मिनि टिलर, उपकरण (स्प्रेयर आदि) सहयोग र सहकारी शिक्षा तालिम संचालन । |
| ३. समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम (चानुवा, मारेककटहरे, हात्तिखर्क, महाभारत) | उप आयोजना संख्याः ४<br>बजेट रु ८०७ हजार | प्रत्यक्ष रुपले लाभान्वीत कृषक संख्या : १९४७ | सिंचित कृषि विकास कार्यक्रम र जिविकोपार्जन सहयोग कार्यक्रममा घुम्ती स्थलगत तालिम, जिल्लास्तरीय कृषक तालिम, तरकारी सिडकिट बितरण, खाद्यान्न किट बितरण, बीजबृद्धि, उत्पादन प्रदर्शन, तरकारी उत्पादन प्रदर्शन, प्लाष्टीक घरमा तरकारी खेति आदि क्रियाकलापहरु संचालन गरिएको । |
| ४.कागति मिशन (सिट्रस) कार्यक्रम | क्षेत्रफल : २० हेक्टर<br>बजेट : रु १८२ हजार | बिस्तारित क्षेत्रफल : २० हे.<br>नयाँ बगैंचा स्थापना संख्या : २० हे.<br>प्रत्यक्ष रुपले लाभान्वीत कृषक संख्या : ७३ | ७५% अनुदानमा ६ हजार कागतिका बिरुवा बितरण गरिएको । |
| ५. बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम ( मूर्तिढुङ्गा, परेवादिन, भेडेटार, भिरगाउँ र बुढीमोरङ्ग) | क्षेत्रफल : ६० हेक्टर<br>बजेट : ५९२ हजार | क्षेत्रफल : ६० हे.<br>प्लाष्टीक घरमा तरकारी खेति ( गोलभेंडा) : १२०<br>उत्पादन : २४२३ मे.टन<br>प्रत्यक्ष रुपले लाभान्वीत कृषक संख्या : २०० | २५% अनुदानमा गोलभेंडाको बीऊ बितरण, घुम्ती स्थलगत तालिम संचालन, बाली संरक्षण विषादी निशुल्क बितरण, २५% अनुदानमा स्प्रेयर बितरण, प्लाष्टीक घर निर्माण जस्ता क्रियाकलापहरु संचालन गरिएको । |
| ६. अलैंची रोग व्यवस्थापन तथा नर्सरी स्थापना | -नमूना अलैंची बगान स्थापना | -नमूना अलैंची बगान स्थापना ५ ( | प्रतिबगान २५०० निशुल्क बिजु बिरुवा बितरण, रासायनिक मल, |

| | | | |
|---|---|---|---|
| कार्यक्रम | ५<br>- अलैंची निजि नर्सरी स्थापना (पहिलो वर्ष) - १<br>- अलैंची निजि नर्सरी स्थापना (दोश्रो वर्ष) - ३<br>- जिल्ला स्तर अगुवा कृषक तालिम १<br>- स्थलगत घुम्ती तालिम- ५<br>– बजेट रु ८०३ हजार | पाखीबास, चुङ्वाङ, मूर्तिढुङ्गा, ताङ्खुवा र भेडेटार<br>-अलैंची निजी नर्सरी स्थापना ४ ( पाखीबास, मूर्तिढुङ्गा, डाँडाबजार र चुङ्गवाङ, भिरगाउँ)<br><br>- जिल्ला स्तर अगुवा कृषक तालिम १<br>- स्थलगत घुम्ती तालिम- ५<br>प्रत्यक्ष रुपले लाभान्वीत कृषक संख्या :२५५ | बिषादी, सिंचाइका लागि पाइप, नर्सरीका लागि बीऊ, इन्सेक्ट नेट, विषादी आदि सामग्रीहरु उपलव्ध गराइएको । |
| ७. कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रम<br>७.१ उत्पादन पूर्वाधार तथा बजार सूचना आयोजना | संकलन केन्द्र निर्माण संख्या- १<br>बजेट :<br>-परेवादिन- ६९० लाख | प्रत्यक्ष रुपले लाभान्वीत कृषक संख्या : ४८ | अधुरो संकलन केन्द्रको भवन पूरा गरिएको । |
| ८. जि.वि.स., गा.वि.स. न.पा. सँग साझेदारीमा कार्यक्रम संचालन गरिएको | बजेट रु २५० हजार | प्रत्यक्ष रुपले लाभान्वीत कृषक संख्या : ३८४ जना | जि.वि.स.को आर्थिक सहयोगमा मौनाबुधुक, बोधे र राजारानी गा.वि.समा कागतिका ९०० बिरुवा बितरण र ३ वटा स्थलगत घुम्ति तालिम संचालन र ध.न.पा. ७ चिरबिरे चौतारामा बजारका उपकरण साथै १ वटा स्थलगत घुम्ति  तालिम संचालन |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :

नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु केन्द्रिय नीति तथा निर्देशन अनुसार हुने गरेको

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| बालबालिका, महिला तथा समाबेशी क्षेत्र- एकल महिला | ● ध.न.पा. ४ मा एकल महिला समूहलाई च्याऊ खेति सम्बन्धी तालिम संचालन गरियो ।<br>● ३० जनाले ६० पोका च्याउको बीउ लगाएकोमा १०० किलो च्याऊ उत्पादन भएको थियो । |
| जनचेतना तथा गरिबी निवारण - गरीबी निवारणका प्रयास | ● तरकारीका उन्नत बीउ किट बितरण, तरकारी प्याकेज प्रदर्शन, स्थलगत तालिम संचालन । |
| विकासमा समान सहभागिता | ● महिला सहभागिता ४५%, जनजाति ४५.८% र दलित ३.३६% रहेको । |
| सेवाहरुमा पहुँच - कृषि सेवा केन्द्र जान लाग्ने समय | ● अधिकतम ८ घण्टा सम्म लाग्ने (आहाले भेडेटार, बुढीमोरङ भेडेटार, मुढेबास राजारानी, डाँडागाउँ जितपुर, कुरुले राजारानी आदि) |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

क. कमाण्ड क्षेत्रको आधारमा कृषि सेवा केन्द्रको संख्या कम रहेको ।
ख. सेवाग्राही घरधुरीको आधारमा प्राविधिक जनशक्ति कम रहेको ।
ग. कार्यक्रम बजेट पर्याप्त नहुनु ।
घ. पुराना र कम क्षमताका सवारी साधनका कारण कार्यक्रम संचालन र अनुगमन गर्न कठिनाइ परेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु तथा सुझावहरु

क. कृषि कार्यक्रमका लागि पर्याप्त बजेट विनियोजनका लागि कृषि विभाग तथा कृषि विकास मन्त्रालयमा अनुरोध गरिनुका साथै फेरि पनि गरिने ।
ख. गा.वि.स. आफैंले पनि कृषि प्राविधिक भर्ना गरी सेवा लिनु पर्ने ।
ग. स्थानीय निकायहरुबाट कृषि क्षेत्रका लागि छुट्ट्याइने १५% बजेट कृषि क्षेत्रमै उपलब्धिमूलक ढंगले खर्च गर्ने वातावरण मिलाइनु पर्ने ।
घ. बढी गरिबी रहेको क्षेत्र र गरिबीको मारमा परेका कृषकहरु पहिचान भएको विवरण प्राप्त भएमा गरिबी निवारण कार्यक्रम अझ बढी प्रभावकारी र नतिजामूलक हुने ।

## ७.८ क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

**२. लक्ष्य**

क. स्वच्छ खानेपानी आपूर्ति तथा सरसफाईको प्रवर्द्धन गर्नु ।

**३. मूख्य उद्देश्य**

क. समुदायमा स्वच्छ खानेपानीको क्षेत्र बढाउने ।

ख. सरसफाईमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने ।

ग. भइरहेका खानेपानी योजनाहरुको गुणस्तर सुधार गर्ने तथा नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| **संचालित कार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| जिल्ला स्तरीय आयोजना | सम्पन्न आयोजना संख्या १ वटा, क्रमागत आयोजना सम्पन्न स्किम संख्या : २७ वटा | ६ वटा गाविसका ४३२० परिवारमा स्वच्छ खानेपानी उपलब्धता । | |
| वातावरण तथा सरसफाई कार्यक्रम | खुल्ला दिशा मुक्त अभियान संचालन | ३ वटा गाविसहरु खुल्ला दिसा मुक्त घोषणा भएको । २३५० हजार बजेटमा ९९ प्रतिशत बजेट खर्च भएको | |
| खानेपानी सुरक्षा कार्यक्रम | १२० हजार बजेट | १०० प्रतिशत वित्तिय प्रगति, ३ खानेपानी योजनाकका उपभोक्ता समितिहरुलाई खानेपानी सुरक्षा योजना सम्बन्धि तालिम | |
| पुनर्स्थापना कार्यक्रम | ५ वटा स्कीम | ५ वटा स्कीम पुरा भएको | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. जिल्ला स्तरीय खानेपानी, सरसफाई स्वच्छता समनवय समिर्मिति मार्फत सरसफाई तथा खानेपानीका सरोकारवाला निकायहरुबीच कार्य बाँडफाँडको थालनी, स्थानीय निकायहरुको प्रयोग तथा परिचालनमा वृद्धि गरिएको ।

ख. स्थानीय एफम एम बाट जिंगल मार्फत जनचेतना तथा प्रचार प्रसार गरिएको ।

ग. गाविस तहमा वास समितिहरु गठन तथा परिचालन गरिएको । सामाजिक परिचालकहरु र गाविस सचिवहरुलाई तालिम उपलब्ध गराएको । सरसफाइ सप्ताह मनाइएको ।

घ. समन्वय तथा सहकार्यमा अधिक विस्तार गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| सरसफाई<br>शौचालय समेत । | ३ गाविस खुल्ला दिसा मुक्त घोषणा । सरसफाई गुरुयोजनाको मापदण्डअनुसारको शौचालय ३९ प्रतिशतबाट ६० प्रतिशत पुऱ्याइएको । सबै गाविसहरुमा युद्धस्तरमा कार्यक्रम संचालन भइरहेको छ । चेतनामूलक, उत्प्रेरणामूलक तथा बाध्यात्मक तरिकाबाट खुल्ला दिसामुक्त अभियान संचालन भइरहेकोछ । |
| स्वच्छ खानेपानी आपूर्ति | समग्र जनसमुदायमा करिव ८१% प्रतिशत कभरेज देखिएको । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. पानीको मूल सुक्ने भएको हुँदा जिल्लाका सबै स्थानमा खानेपानी आपूर्तीमा कठिनाई, कतिपय स्थानमा सुख्खा मौसममा पानी आपूर्ती वन्द हुने ।

ख. पानीको मूहानमा विवाद । मुहान अभावका कारण कतिपय स्थानमा बसाईं सराई समेत हुने गरेको देखिएको ।

ग. स्थानीय निकाय, गैर सरकारी क्षेत्र र गाविसबाट समेत भएका खानेपानी आपूर्ती सम्वन्धी तथ्यांकहरुलाई एकिकृत गर्न नसकिएको ।

घ. मर्मत सम्बन्धि योजनाहरुमा उपभोक्ता समिति इच्छुक नदेखिएको ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने १८ प्रतिशत स्थानमा बस्तीभन्दा मुहान तल रहेकोले सो स्थानहरुमा रेनवाटर हार्भेस्टिंग, सोलर पंम्पिंग जस्ता नविनतम् प्रविधिको प्रयोग गरिनुपर्ने देखिएको ।

ख. खानेपानी आपूर्तिका लागि ठूला योजनाहरु समेत संचालन गर्नुपर्ने ।

ग. तथ्यांक व्यवस्थित गर्नुपर्ने ।

घ. सरसफाई प्रवर्द्धनका लागि परिचालन प्रभावकारी बनाउनुपर्ने ।

## ७.९ जिल्ला वन कार्यालय

**१. विषयगत कार्यालयको नाम :** जिल्ला वन कार्यालय, धनकुटा

**२. लक्ष्य**

दिगो वन व्यवस्थापन , पारिस्थितिकीय सेवा र रोजगारीकालागी जनसहभागीतामूलक व्यवस्थापनका माध्ष्मवाट वन कार्ययोजना अनुसार व्यवस्थापनका कृयाकलाप सचालन गर्दै समावेशी र सूशासनयुक्त वन क्षेत्रमा रुपान्तरण गर्ने ।

**३. मूख्य उद्देश्य**

**क) दिर्घकालिन उद्देश्यहरु**

- हैसियत बिग्रेका तथा झाडीयुक्त वनलाई उत्पादनशिल वनको रुपमा बिकास गर्ने ।
- जिल्लाका सबै प्रकारका वनहरुको व्यवस्थापन गरी वन पैदावारहरु योजनाबद्ध तवरले सतत् रुपमा परिपूर्ति गर्न स्थानीय उपभोक्ताहरुलाई दिगो वन व्यवस्थापनमा अग्रसर गराउने ।
- जिल्लाको वन पैदावारको माँग र आपूर्ति स्थितीमा संतुलन ल्याउने ।
- सामुदायिक वन विकास कार्यक्रम मार्फत विपन्न, महिला र पिछडिएका वर्गको आर्थिक, भौतिक र सामाजिक स्तर वृद्धि गरी उनीहरुको जीविकोपार्जनमा टेवा पुऱ्याउने ।
- जिल्लाको जैविक विविधता, माटो, पानी, आदि प्राकृतिक श्रोतहरुको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्ने ।

**ख) अल्पकालिन उद्देश्यहरु**

- वनको हैसियतमा सुधार ल्याउने ।
- दैनिक आबश्यक पर्ने वन पैदावारहरुको आपूर्ति गर्ने ।
- वन बिकास कार्यमा जनसहभागिता बढाउने ।
- रोजगारीको अवसर श्रृजना गर्ने ।
- वन पैदावारमा आधारित उद्योगहरुलाई कच्चा पदार्थको आपूर्ति गर्ने ।
- निजी तथा सामुदायिक वनको विकासबाट स्थानीय उपभोक्ताहरुको परनिर्भरता कम गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम | लक्ष्य | उपलब्धि |
|---|---|---|
| सामूदायिक वन वन व्यवस्थापन कार्यक्रम | २ समूह गठन र | २ समूह उपभोक्ता समूह गठन (४१८ घरधुरी लाभान्वित )<br>२ समूहको कार्ययोजना तयारी । |
| उपभोक्ता समूह गठन : | ३ समूह | |
| वन कार्ययोजना तयारी : | ३ समूहका | २ समूहको (४१८ घरधुरी लाभान्वित |
| सामुदायिक वनको निरीक्षण तथा अनुगमन | ९० सा.व.उ.स. | : १५० सा.व.उ.स.हरु (१५०समूहहरु लाभान्वित) |

| | | |
|---|---|---|
| उपभोक्ता समुह मुल्यांकन पुरस्कार | १ पटक | : १ पटक (३ समूहहरु लाभान्वित ) |
| नर्सरी मर्मत तथा स्तर सुधार | ८२ हजार विरुवाको लागी | जिल्ला वन कार्यालय कम्पाउण्ड र चुलीवन रे.पो.को नर्सरी मर्मत |
| वन विरुवा उत्पादन र वितरण | ८२ हजार गोटा | ९० गोटा विरुवा उत्पादन गरी स्थानिय सरकारी तथा गैह्र सरकारी कार्यालय सावउस र निजी क्षेत्रमा १०५७ जना स्थानिय वासिन्दा लाई विरुवा वितरण |
| सामुदायिक वन व्यवस्थापन अभ्यास | १७ पटक | १८ वटा सा.ब.उ.स.का १६३ महिला र १७५ पुरुष गरी जम्मा ३३८जना उपभोक्ताहरु लाभान्बित |
| जिल्ला स्तरीय योजना तर्जुमा गाष्ठी | १ पटक | गाविस,सा.व., रे.पो.वाट प्राप्त योजना हरुलाई जिल्ला स्थित ३० जना कर्मचारी हरुद्वारा छलफल र अनुमोदन गरी क्षेत्रिय योजना तर्जुमा र जिविसमा प्रस्तुत । |
| रे.पो.स्तरीय सा.व.अन्तरक्रिया गोष्ठी | ८ पटक | ८ वटा रे.पो.का सा.व.उ.स.का महिला १३५ र पुरुष ५०५ गरी जम्मा ६४० जना समुहका प्रतिनिधिहरु सहभागी |
| जिल्ला स्तरीय प्रगति समिक्षा वैठक | १ पटक | जिल्लामा भए गरेका कार्यक्रम हरुको समीक्षा,( सिकाई, समस्या र समाधानका उपायहरुको पहिचान) |
| सामुदायिक वन क्षेत्रभित्र कबुलियती वन समूह गठन तथा प्रविधि हस्तान्तरण : | ३ गोटा | तीन सा.व.मा जम्मा ३४ घरधुरीका तीन उप समूह गठन गरि सा.व.का गरिव उपभोक्ताहरुलाई आयआर्जनका कृयाकलाप संचालन गर्न जम्मा रु.६३,०००।- समुहको खातामा जम्मा गरिएको ।) |
| उ.स. विरुवा उत्पादन अनुदान तथा सामाग्री सहयोग(वस्तुगत र नगद) | ४ समुह | अनुदान तथा सामाग्री सहयोग(वस्तुगत र नगद) गरी २० हजार विरुवा उत्पादन, वितरण र वृक्षारोपण -अनुदान रकम रु. १ लाख) |
| सा.व. व्यवस्थापन अनुदान | १४ समुह | १३ वटा सा.व.हरुले वन सम्वर्धनका क्रियाकलापमा ७० प्रतिशत श्रमदान र जिल्ला वन कार्यालयवाट ३० प्रतिशत(रु. २,८०,०००) अनुदान प्रदान गरिएको थियो |

**राष्ट्रिय वन व्यवस्थापन कार्यक्रम**

| | | |
|---|---|---|
| सा.व. क्षेत्रमा अतिक्रमण हटाई सो क्षेत्रमा पुनस्थापना वृक्षरोपण, व्यवस्थापन तथा संरक्षण | ० | हाडीखर्क सा.व. ध.न.पा. ९ को सा.व. क्षेत्रमा अतिक्रमण हटाई २ हेक्टरमा वृक्षरोपण |
| सहभागीतामूलक वन संरक्षण तथा चोरी निकासी नियन्त्रण व्यवस्थापन | जिल्ला १ | वन क्षेत्र संरक्षणका लागी कार्ययोजना वनाएर स्वीकृत गरी वन संरक्षणको लागी गस्ती, विभिन्न माध्यम वाट प्रचार प्रसार गरी वन संरक्षण |
| वन नोक्सानि सम्वन्धि मुद्दा अभियोजन,अनुसन्धान र मुद्दा दायरी | जिल्ला १ | सरकारी वन क्षेत्रमा वन पैदावारको हानी नोक्सानी गराउने तथा वन डढेलो लगाउने लाई वन ऐन, २०४९ वमोजिम २ वटा मुद्दा अभियोजन |

| | | |
|---|---|---|
| अग्नी नियन्त्रण सञ्जाल | १ समूह | डढेलो प्रभावित समुह हरुको पहिचान गरी ३ गोटा सा. व.का उपभोक्ताहरु को संजाल गठन |
| वन तथा वन्यजन्तु संरक्षण स्थानीय एफ.एम बाट चेतनामूलक कार्यक्रम प्रसारण | जिल्ला १ | डढेलोबाट हुने क्षति बारे पूर्व सचेतना अभिवृद्धि एफ एम, माइकिंग र ६ स्थानमा स्थानीय जनसमुदायसँग अन्तरक्रिया |

## वहुसरोकारवाला वन कार्यक्रम

| | | |
|---|---|---|
| जिल्ला वनक्षेत्र समन्वय समिति(DFCC) स्थापना संस्थागत गर्ने | जिल्ला १ | जिल्ला वनक्षेत्र समन्वय समिति स्थापना गरी समिति वाट स्वीकृत वार्षिक कार्यक्रम अनुमोदन गराएर कार्यान्वयन तथा कार्यक्रमको अनुगमन |
| वनक्षेत्र संरक्षण सम्बन्धि अनुशिक्षणको म्यानुअल तयारी र अनुशिक्षण | जिल्ला १ | अनुशिक्षणको म्यानुअल तयारी र अनुशिक्षण |
| उपकरण खरीद | जिल्ला १ | मल्टी मिडिया १ र जिपिएस २ वटाा खरीद |
| स्थानीय वन समुहहरुद्धारा वन स्रोतहरुमा पहुच तथा वन स्रोतहरुको व्यवस्थापन | | |
| स्थानीय वन समुह गठन र दर्ता प्रक्रियामा सहजीकरण | संख्या २ | विश्रान्ति वेलहारा ४, २९.४८ हे. गैयादेवी वछलादेवी ,ध.न.पा. ७, ०.०८५ (२ धार्मिक वन गठन र हस्तान्तण) |
| स्थानीय वन समुहको विधान र कार्ययोजना तयारीमा सहयोग (लैगिक समता र दिगो वन व्यवस्थापन लक्षित) | संख्या ३ | उपरोक्त २ वटा समुहको विधान कार्ययोजना तयारीमा सहयोग |
| स्थानीय वन समुहको विधान र कार्ययोजना नवीकरणमा सहयोग (गरीव, महिला र दलित) | संख्या १५ | १५ समुहको कार्य योजना पुनरावलोकन( १५०० घरधुरीका ८२५७ उपभोक्ता लाभान्वीत) |
| स्थानीय वन समुहको विधान र कार्ययोजना कार्यान्वयनमा सहयोग | संख्या १७ | उपरोक्त १५ वटा समुहको विधान कार्ययोजना तयारीमा सहयोग(१५०० घरधुरीका ८२५७ उपभोक्ता लाभान्वीत) |
| स्थानीय वन समुहलाई वन व्यवस्थापन कोचिग | समुह २५ | २४ वटा समुहका महिला १७८ र पुरुष ३२० गरी जम्मा ४९८ जना लाभान्वीत |
| वहुसरोकारवाला वन कार्यक्रम अभिमुखीकरण | जिल्ला १ | जिवससका पदधिकारीहरु, स्थानिय अन्य सरोकारवाला र जिल्ल्लाका सम्पूर्ण कमाचारीहरुलाई कार्यक्रमको अभिमुखीकरण |
| स्थानीय वन समुहहरु तथा बहु सरोकारवाला संरचनाहरुद्धारा सुशासनको अभ्यास | | |
| सुशासन, लेखा तथा अभिलेख व्यवस्थापन कोचिंग (क्लस्टर) | पटक ८ | ३२ वटा समुहका कार्य समितिका पदाधिकारी हरु मध्ये महिला ४२ जना र पुरुष ८० गरी जम्मा १२२ जना सहभागी र ३२ समुह लाभान्वीत |
| स्थानीय वन समूहहरुको कार्यक्रम अनुगमन सहयोग (रे.पो. बाट) | समूह ३७० | ३६८ वटा समुहले (गत आ.व.मा गरेका कार्यहरु, आम्दानी, खर्च, समस्या, |

| | | |
|---|---|---|
| | | समाधानका उपाय,सुझाव इत्यादि) समेटी अनुगमन पुस्तिका प्रकाशन र वितरण |
| विपन्न, पछाडि परेका तथा जलवायु परिवर्तनको जोखिममा रहेका घरधुरीहरुलाई स्थानीय वन समुहहरु तथा बहु सरोकारवाला संरचनाहरु मार्फत लक्षित बस्तु तथा सेवाहरु (आर्थिक समेत) प्राप्त | | |
| स्थानीय वन समुहलाई जिविकोपार्जन सुधार योजना तयारीमा सहयोग | समुह ६ | ६ वटा समुहका आर्थिक स्तरिकरणमा पछि परेका प्रति समुह १५ धरधुरी उपभोक्ताको लागी जिविकोपार्जन सुधार योजना तयारीमा सहयोग |
| जिविकोपार्जन सुधार योजना कार्यान्वयनमा सहयोग | घरधुरी ९० | ४ वटा सामुदायि वनका अति विपन्न ९० परिवार छनौट गरी, तयार भएको जिवीकोपार्जन सुधार योजना अनुसार प्रति परिवार रु. ६०००।- का दरले समुह मार्फत ५लाख ४० हजार नगद वितरण |
| स्थानीय वन समुहलाई जिविकोपार्जन सहयोग क्रियाकलापमा सहयोग | समुह ७ | कार्यक्रम तथा वजेट, अख्तियारी र कार्यविधि समयमा प्राप्त नभएकोले प्रगति हुन नसकेको |
| स्थानीय वन समुहहरुद्धारा दिगोपना समावेश भएको तथा जलवायु परिर्वतनमा वहन क्षमता वृद्धि हुने गरी कार्य योजना तथा विधानहरुको कार्यान्वयन | | |
| जलवायु परिवर्तन सम्बन्धी सचेतना गोष्ठी र समुदाय अनुकुलन योजना तयारी | समूह १ | ६ वटा सामुदायिक वनको अनुकुलन योजना तयार |
| समुदाय जलवायु परिवर्तन अनुकुलन योजना कार्यान्वयनमा सहयोग | समूह ४ | अनुकुलन योजना तयार गरी कार्यान्वयन गर्न ४ वटा समुहलाई रु. १,२०,०००।- नगद वितरण । |
| वन तथा पारस्थिकिय उत्पादन तथा सेवाहरुको वैज्ञानिक पुर्नस्थापना, व्यवस्थापन तथा सुधार | | |
| नर्सरी मर्मत | गोटा १ | चुलीवन रे.पो. कम्पाउण्डको नर्सरी मर्मत |
| विरुवा उत्पादन सहयोग | हजार ८० | जिविस समेतको साझेदारीमा कूल ८० हजार विरुवा विभिन्न जातका विरुवा उत्पादन गरी वितरण |
| सरकारी, किसान तथा वन समुह मार्फत वृक्षारोपण | हेक्टर ८ | ६ हेक्टर सा.व.क्षेत्रमा वृक्षारोपण |
| गै. का. व. पै . खेती र व्यवस्थापन | हेक्टर १ | |
| वातावरणीय सेवा भुक्तानीको अभ्यासको सुरुवात | प्याकेज १ | |
| जलवायु परिवर्तन र वन अभिमुखीकरण | पटक १ | अधिकृतस्तर र सहायक स्तरका ४८ जना कर्मचारीहरु लाइ २ पटक तालीम |

| | | |
|---|---|---|
| जलवायु परिर्वतन तथा वन क्षेत्रको अनुगमन क्षमता तथा सुचना व्यवस्थापनको विकास तथा कार्यान्वयन | | |
| सुचना प्रवाह तथा पारदर्शिततता सवलीकरण (रेडियो, टि. भि. आदी मार्फत) | जिल्ला १ | स्थानिय ३ वटा एफ.एम. र रेडियो नेपाल मार्फत वनको संरक्षण, विकास आदि सूचना प्रसारण |
| जिल्लामा भएगरेका सफल कार्यहरुको संगालो प्रकाशन तथा बितरण | जिल्ला १ | सगालो प्रकाशन र वितरण |
| चौमासिक सिकाई आदान प्रदान वैठक | पटक १ | सवै रे.पो., इ.व.का.र जिल्लाका गरी ३१ जन सहभागीको सहभागीता |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरूः

**सामुदायिक वन व्यवस्थापन र शुशासन**

- योजनावद्ध कार्यक्रम संचालन गर्ने समूहहरुलाई जागरुक गराएको ।
- सामुदायिक वनको सवै क्रियाकलापको लेखा जोखा गर्ने प्रकृयाको थालनी गरिएको छ ।
- सम्पूर्ण उपभोक्ताहरुलाई समिक्षा गर्नको लागि आय व्यय विवरण र कृयाकलापका तथ्यांक पेश गर्न लगाएको ।

**वन डढेलो सम्वन्धमाः**

- वन उपभोक्ता महासंघ, स्थानीय वासिन्दा र प्रहरी, सैनिक प्रशासनको संयुक्त प्रयासका लागि जि.व.का. ले समन्वय गरी डढेलो नियन्त्रण गरेको ।
- सल्लेरी वनको सैनिकक्षेत्रमा Control Forest Fire को प्रयोग गरी वन डढेलो नियन्त्रण सम्वन्धी जानकारी सैनिकलाई स्थलगतरुपमा गराएको ।

**सामुदायिक वन उपभोक्ता समूहको सुधारका लागी चालिएका पहलकदमीहरु**

१ उपभोक्ता महासंध, धनकुटाको सहकार्यमा गाउं महासंघ र रेन्जपोष्टका कर्मचारीको संयुक्त प्रयासमा वन व्यवस्थापनमा र कृयाकलापमा समन्वय गरी सह कार्यको थालनी भएको ।

२ सा.वनको वन कार्य योजनाको म्याद समाप्त भएका व्यवसायिक सा.ब.उ.स को आर्थिक हिनामिना नहोस र कार्य योजना निमाण गर्न समूहको सक्रियता बढोस भन्ने उद्देश्यले त्यस्ता समूहहरुको बैङ्क खाता रोक्का गरीएको ।

३ गत आ.ब मा खर्च भएको आय ब्ययको लेखा परिक्षण र चालु आ.ब.को बाषिक कार्यक्रम तथा अनुमानित बजेटको तर्जुमा गरी जि.ब.का.मा अनिबार्य पेश गर्नु पर्ने व्यवस्था मिलाईएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| वन तथा वातावरण संरक्षण | ८० हजार भन्दा वढी विरुवा उत्पादन गरि वितरण गरिएको । २ हेक्टर अतिक्रमित वनक्षेत्रलाई वन क्षेत्र कायम गरिएको । पर्यापर्यटनको प्रवर्द्धनमा सहकार्य । वन, डढेलो नियन्त्रणका लागि अभिमुखिकरण, जनसचेतना निर्माण । ३० हेक्टर २ वटा वन धार्मीक वनमा हस्तान्तरण ६ हेक्टर सामुदायिक वनमा वृक्षारोपण गरिएको । ४ वटा सामुदायिक वनमा जलवायु परिवर्तन अनुकुलन योजना कार्यान्वयनमा सहयोग र १ लाख २० हजार उपलब्ध गराइएको |
| गरिवी निवारण | सामुदयिक वनका ९० परिवारहरुलाई जीविकोपार्जन योजना निर्माण गरि उक्त योजना अनुरुप प्रति परिवार रु. ६ हजारका दरले सहयोग । तीन सा.व.मा जम्मा ३४ घरधुरीका तीन उप समूह गठन गरि सा.व.का गरिव उपभोक्ताहरुलाई आयआर्जनका कृयाकलाप संचालन गर्न जम्मा रु.६३,०००।- समुहको खातामा जम्मा गरिएको । |
| विकासमा समान सहभागिता | महिलाहरुको सामुदायिक वन समितिहरुमा ५० प्रतिशत सहभागिता र बाँकी ५० प्रतिशतमा समावेशी बनाइदै आएको । |
| सुशासन | १४ वटा सावको वन वन कार्ययोजना नविकरण । १५ वटा सामुदायिक वनको कार्ययोजना निर्माण लेखा तथा सुशासन तालिम उपलब्ध गराइएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- OP Backlog को सख्या धेरै(१३६) भएको र Backlog को सँख्या थपिदै जाने, प्रति इकाई वजेट न्यून,
- उपभोक्ता समुहको माग अनुसारको प्राविधिक सहयोग पुर्‍याउन जनशक्तिको अभाव रहेको,
- सा.व.उ.स.हरुवाट संचालित क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन गर्न जनशक्तिको कमी,
- समुहको कोष परिचालन २५ प्रतिशत वन विकास र ३५ प्रतिशत गरीवमुखी क्रियाकलापहरुमा संचालन हुन नसकिरहेको,
- सा.व.को मार्गदर्शन अनुसार सवै समुहहरुमा महिलाहरुको सहभागिता र समावेशी समिती वन्न नसकिरहेको ।

- पुराना अतिक्रमणहरु समुहहरुबाटै हटाउने उचित पहल हुन नसकिरहेको,
- विभिन्न तालीम गोष्ठीबाट हस्तान्तरित सीप प्रविधिको कार्यान्वयन समूह स्तरमा निकै कम भईरहेको,
- समूहहरु वन विकासको काममा भन्दा सामाजिक विकासमा केन्द्रीत हुने गरेकोले वन विकास सोचे जति हुन नसकेको ।

## ८. **भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

- OP Backlog कम गर्न समुहहरुको प्राथमिकीकरण गरी P1, P2,P3,P4 को क्रमशःवन कार्ययोजना नवीकरण योजनावद्ध रुपमा संचालन तथा सम्पन्न गर्नको लागी थप बजेट तथा जनशक्तिको व्यवस्था हुनुपर्ने,
- गाविस स्तरीय नर्सरीको स्थापना गरी सिचाई सुविधायुक्त नर्सरी निर्माण गरी विरुवा उत्पादन गर्नुपर्ने,
- दरवन्दी अनुसारको कर्मचारीहरुको व्यवस्था गरिनुपर्ने,
- समुहहरुमा कोष तथा लेखा सम्बन्धी तालीम/कोचिङ्गको व्यवस्था गरिनुपर्ने,
- पुरानो अतिक्रमण हटाउन माथिल्लो स्तरवाटै राजनैनितिक प्रतिबद्धता हुनुपर्ने,
- कार्यालय प्रमुख जिल्ला छोडदा केन्द्रीय स्तरमा जानकारी गराउन सट्टा सम्वन्धित पू.क्षे.ब.नि. लाई जानकारी गराउने व्यवस्था व्यवहारीक हुने,
- निजि क्षेत्रको वृक्षारोपण कार्यलाई प्रोत्साहन हुने कार्यक्रम संचालनमा जोड दिनु पर्ने,
- वन पैदावारमा आधारित उद्योगहरु स्थापना सम्वन्धी स्पष्ट निती ल्याई उद्योग प्रवर्धन गर्नु पर्ने,
- स्वीकृत कार्यक्रम तथा वजेट समयमै प्राप्त हुनु पर्ने ।

## ७.१० हुसाडेक नेपाल

१. **गैर सरकारी संस्था को नाम :** मानवअधिकार, सामाजिक सचेतन र विकास केन्द्र (हुसाडेक)

२. **लक्ष्य**

क. मानवअधिकार संस्कृतियुक्त समतामूलक समाजको निर्माणमा सहयोग पुर्‍याउने ।

३. **मूख्य उद्देश्य**

क. मानव अधिकारको अवधारणा स्पष्ट भई नसकेका संस्थाका लक्षित वर्गहरुमा आफ्नो अधिकारको बारेमा थप प्रष्टता ल्याउँदै उनीहरुको **जीविकोपार्जन क्षमता अभिवृद्धि** गर्ने सहयोग गर्ने ।

ख. मानव अधिकारका सम्वन्धमा **वकालत** गर्न सक्ने संस्थाका लक्षित वर्गको संख्यामा वृद्धि गर्ने

ग. अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु विच प्रभावकारी **समन्वय र सन्जाल** मार्फत मानवअधिकारका लागि जनवकालत गर्ने ।

घ. संस्थाले समान उद्देश्य र लक्ष्य भएका, **गै.स.स. स्थानिय निकाय र समुदायमा आधारीत समुहको क्षमता अभिवृद्धि**का निम्ती सहजीकरण गर्ने ।

ङ. विभिन्न कारण (मानव निर्मित तथा प्राकृतिक जोखिमहरु) बाट जोखिममा परेका समुदायहरुको सामाजिक रुपान्तरणको लागि **सामाजिक परिचालन** मार्फत सहजीकरण गर्ने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| १. सामाजिक परिचालन कार्यक्रम | नागरिक सचेतना केन्द्र र वडा नागरिक मंच मार्फत विपन्न समुदायको विकास अधिकार सुनिश्चित गर्न सहयोग गर्नु । | • ६६ वटा वडा नागरिक मंच ( गाविसहरुमा ६३ र नगरपालिकामा ३) मा १६५० जना संगठित गरि सचेतीकरण ।<br>• २२ वटा नागरिक सचेतना केन्द्र (जिविस र नपा मार्फत १० र समुदाय सहयोग कार्यक्रम मार्फत १२) ६०० जना लाई विकास सम्वन्धी अभिमुखीकरण । विभिन्न आय आर्जन सहयोग । | |
| नेपालमा कानूनी शासन सवलिकरण कार्यक्रम | सुरक्षा तथा न्याय प्रवर्द्धन मा जनतालाई सक्रिय वनाउँदै | • जिल्लाका ९ स्थानमा नागरिक संलग्नताका लागि सुरक्षा तथा न्याय प्रवर्द्धन | |

| | | | |
|---|---|---|---|
| | शान्ति सुरक्षास्थापनामा सहयोग पुऱ्याउनु । | सम्वन्धी अन्तर सम्वाद सम्पन्न । ७५० जनाको सहभागिता । सुरक्षा व्यवस्थापनमा नागरिक संगठनहरु प्रतिवद्ध रहेका । केही सुरक्षा चौकीको अवस्थामा सुधार ।<br>• सुरक्षा सम्वन्धी सचेतना ब्रोसर प्रकाशनमा समन्वय<br>• ६ स्थानमा सुरक्षा सम्वन्धी सुचना पाटी राख्ने काम गरिएकको । | |
| स्थानीय निकायको वित्तिय सुसासनको लागि नागरिक संलग्नता कार्यक्रम | शुसासन र पारदर्शिता कायम गराउनु | • ५ वटा गाविसहरुको अनुदान वितरण प्रक्रियाको स्थलगत अध्ययन ।<br>• ५ वटा गाविस स्तरको सार्वजनिक सुनुवाई र सेवा प्रवाहबारे सुधार गर्न गाविस स्तरमा सार्वजनिक प्रतिवद्धता । | |
| समुदाय सहयोग कार्यक्रम | समुदायमा विकासका लागि विभिन्न क्रियाकलाप मार्फत सहयोग गर्नु । | • १० गाविसहरुमा वडा नागरिक मंचका प्रतिनिधिहरुलाई स्थानीय स्तरको योजना तर्जुमा तालिम<br>• २ वटा एकिकृत योजना तर्जुमा समितिलाई तालिम ५ गाविस र १० वटा प्रकोपजन्य गाविसहरुमा प्रकोप व्यवस्थापन सम्वन्धी समिति गठत र ती समूहहरुका सदस्यहरुलाई आधारभूत प्राथमिक उपचार, पूर्व सूचना प्रणाली र आपतकालीन उद्धार सम्वन्धी तालिम प्रदान । | |

| | | | |
|---|---|---|---|
| | | • जिल्ला र समुदाय स्तरमा खोज तथा उद्धार सामग्री वितरण ।<br>• फाक्सिव गाविसलाई खुल्ला दिसामुक्त बनाउन सहजीकरण ।<br>• २ वटा विद्यालय भवन निर्माण र ४ वटा विद्यालयहरुलाई फर्निचर सहयोग ।<br>• पाच वटा खानेपानी योजना मर्मत गर्न र एउटा सिंचाई योजना संचालन गर्न सहयोग ।<br>• तीन वटा स्वास्थ्य उपचौकीमा सामग्री सहयोग | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. संस्थाले संस्था संचलनमा पारदर्शिता ल्याउन शुसासन निर्देशिका वनाएको । समुदाय स्तरमा गरिने हरेक क्रियाकलापहरुमा सार्वजनिक परीक्षण गरिएको ।

ख. कर्मचारीको संचय कोष तथा दुर्घटना विमा कल्याण कोषको व्यवस्था गरिएको

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| सामाजिक परिचालन | • प्रकोपजन्य १२ र विपन्न वस्ती १० गरी जम्मा २२ वटा नागरिक सचेतना केन्द्र संचालन ।<br>• ७ गाविस र ३ वडाहरुमा वडाहरुमा वडा नागरिक मंच गठन र परिचालन । |
| गरिवी निवारण | • २४ जना महिलाहरुलाई रु. १५ हजारका दरले आयआर्जन सहयोग ।<br>• १८ जनालाई व्यवसायिक सीप तालिममा समन्वय । |

| | |
|---|---|
| मानवअधिकार संरक्षण र सम्वर्द्धन तथा अनुगमन । | • मानवअधिकार संजालको ५ वटा वैठक सम्पन्न ।<br>• अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, महिला हिंसा विरुद्धको १६ दिने अभियानहरु संचालनमा सहभागिता ।<br>• मानवअधिकारका सवालमा ५ वटा विज्ञप्ती प्रकाशन । |
| सुरक्षा तथा न्याय प्रवर्द्धन | • ग्रामिण स्तरमा ८ वटा स्थानिय स्तरको सुरक्षा सम्वन्धि प्रहरी प्रमूख सँग अन्तरक्रिया जिल्लामा विभिन्न समूह सँग ८ वटा अन्तरक्रिया युवा सञ्जाल धनकुटा निर्माण ।,<br>• सुरक्षा सचेतना सम्वन्धी २५ हजार थान बुक्लेट ५ वटा भाषाहरु (नेपाली, लिम्बु, आठपहरीया, राई वान्तवा, तामांग भाषाहरु) मा प्रकाशन तथा नेपाल प्रहरीलाई हस्तान्तरण ।<br>• प्रहरी अनुरोध निर्माण<br>• सुरक्षा सम्वन्धी रेडियो जिंगल प्रशारण । |
| महिला वालवालिका जेष्ठ नागरिक | • समुदाय सहयोग कार्यक्रम सहितका सामाजिक परिचालन कार्यक्रमहरु महिला लक्षित रहेका ।<br>• वालवालिकाहरुका लालि प्रकोप व्यवस्थापनसँग सम्वन्धित विद्यालय स्तरीय कार्यक्रमहरुमा सहभागिता ।<br>• ज्येष्ठ नागरिक अधिकार सरोकार समूह मार्फत संस्था सदस्य रही अधिकारका लागि काम गरिरहेको । |
| रोजगारी सिर्जना | • ८ जनालाई १ वर्षको नियमित रोजगारी<br>• २ जनालाई ५ महिनाका लागि करारमा रोजगारी<br>• १२ जना स्थानीय सहजकर्ताहरुलाई अल्पकालीन रोजगारी ।<br>• विभिन्न भौतिक पुर्वाधार निर्माणका कामहरुबाट आंशिक तथा दैनिक ज्यालादारीमा जनालाई रोजगारी प्रदान । |
| प्रकोप व्यवस्थापन | • ५ गाविसमा गाविस स्तरीय प्रकोप व्यवस्थापन समितिहरु गठन<br>• १२ वटा समुदाय स्तरमा समिति गठन तथा ती सबै समितिहरुले प्रकोप व्यवस्थापन सम्वन्धी योजना निर्माण गरेका ।<br>• ४८ जनालाई आधारभूत प्राथमिक उपचार तालिम लगायतका तालिम उपलब्ध ।<br>• खोज तथा उद्धार सामग्री समुदाय स्तरमा हस्तान्तरण ।<br>• प्रकोप मैत्री भवन तथा फर्निचर निर्माण ।<br>• प्रकोप जोखिम नक्सांकन, प्रकोपबाट जोगिने तरिकाहरुबारे समुदायमा होर्डिंग बोर्ड मार्फत प्रदर्शन । |

| | |
|---|---|
| सुशासन प्रवर्द्धन | • बेलाहारा र खुवाफोक गाविसलाई सार्वजनिक परीक्षणका लागि सहजीकरण ।<br>• आफू निर्मित सबै योजनाहरुको समुदाय स्तरमा सार्वजनिक परीक्षण गरिएको ।<br>• ५ गाविसको अनुदान पुनरावलोकन तथा समुदायको संलग्नताको सर्वेक्षण ।<br>• पब्लिक अडिट प्रवर्द्धन गर्ने सूचनाहरु सार्वजनिक गरिएको ।<br>• गाविसहरुमा सार्वजनिक लेखा परीक्षक तयार गर्न तालिम । |
| खानेपानी तथा सरसफाई | • ५ वटा योजनाहरुको निर्माण तथा मर्मतमा सहयोग ।<br>• ७ गाविस र नपाका ३ वटा वडाहरुमा खुल्ला दिसामुक्त बनाउने अभियानमा सहजीकरण गरिएको ।<br>• संस्थाले सामाजिक परिचालन गरेका फाक्सिब, बसन्तटार गाविसहरु र नगरपालिकाका नागरिक सचेतना केन्द्रहरु खुल्ला दिसामुक्त भएका । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. सामाजिक परिचालन कार्यक्रमका लागि स्वीकृत वजेट निकासामा ढिलाई ।

ख. समन्वय र सहकार्यका कारण कहिले कहिले तोकिएको समयमा (परियोजनाहरुको निर्धारित समयभित्र) कार्यसम्पादन गर्न ढिलाई हुने ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. अनुगमन प्रक्रियालाई अझ वढाउनुपर्ने ।

ख. सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई प्रक्रियालाई अझ विस्तार गरिनुपर्ने ।

## ७.१० सल्भ नेपाल, धनकुटा ६

१. **गैर सरकारी संस्था को नाम :** विकासका लागि स्थानिय स्वयंसेवकहरुको प्रयास (सल्भ नेपाल ) धनकुटा

**२. लक्ष्य**

नेपाली समुदायले न्यायपूर्ण समता एवं सक्षमताका साथ आ-आफ्नो साधनको उपयोग द्वारा आधारभूत आवश्यकता पूरा गरेको हुनेछ ।

**३. मूख्य उद्देश्य**

क. गरिवी न्यूनिकरण गर्ने ।

ख. महिलाहरुको दिगो आर्थिक विकास गरि जिवीकोपार्जनमा सहयोग गर्दै सशक्तिकरण गर्ने ।

ग. लघु वित्त र लघु उद्यम विकास गर्ने ।

घ. प्राकृतिक स्रोतको दिगो परिचालन र व्यवस्थापनमा सहयोग गर्ने ।

ङ. ग्रामिण खानेपानी तथा सरसफाई व्यवस्थापन गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम/ आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| शिप लघु वित्त कार्यक्रम | लघुवित्त विकास वैकमा परिणत गर्ने । | • १२ हजार महिलाहरुलाई प्रत्यक्ष सहयोग पुऱ्याई ८ हजार महिलाहरुलाई ऋण परिचालन गरिएको ।<br>• ४ वटा जिल्लामा लघुवित्त कार्यक्रमहरुलाई विस्तार गरिएको ।<br>• महिलाहरुलाई स्वरोजगार, आत्म निर्भर र सशक्तीकरणमा सहयोग पुगेको । | |
| कफाग कार्यक्रम | सशस्त्र फौज अथवा सशस्त्र समूहमा आवंद्ध वालवालिकाहरुलाई समुदायमा पुन एकिकरण गर्ने । | • १७ जना द्वन्द्व प्रभावित, संलग्न भएका व्यक्तिहरु विभिन्न सहयोग प्रयोग प्राप्त गरी समुदायमा सामाजिक जीवनयापनको शुरुवात ।<br>• औपचारिक शिक्षाको शुरुवात ।<br>• मनोसामाजिक परामर्श प्राप्त । | |
| सामाजिक परिचालन | स्थानीय निकाय | • ५ वटा गाविसका हरेक वडाहरुमा वडा | |

| | | | |
|---|---|---|---|
| | गाउँ विकास समितिलाई सामाजिक परिचालनमा सहयोग गर्ने । | नागरिक मन्च (४५ वटा) र हरेक गाविसमा १ वटा नागरिक सचेतना केन्द्रहरु जम्मा ५ वटा परिचालनमा आएको ।<br>• नागरिक सचेतना केन्द्रले कम्तीमा २० हजार वरावरको घुम्तीकोष परिचालन गरिरहेको ।<br>• स्थानीय स्तरको योजना प्रक्रिया तथा चरणहरुमा वडा नागरिक मन्चले आफ्नो भूमिका निर्वाह गर्दै आएको । | |
| वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने | वन वातावरणमा सहयोग पुऱ्याउदै वैकल्पिक उर्जाको प्रवर्द्धन गर्ने । | • ११९५ वटा सुधारिएको चुल्हो निर्माण गरिएको । यसवाट वैकल्पिक उर्जा प्रवर्द्धनमा सहयोग पुगेको ।<br>• महिलाको स्वास्थ्यमा सहयोग पुगेको । | |
| महिला सशक्तिकरण तथा लैगिक विकास | महिलाहरुले उनीहरुको पहूँच वृद्धि गरी निर्णय प्रक्रियामा सहभागी भएको हुनेछन् | • ८ वटा जिल्लाको ९ वटा संस्थाहरु वीच पूर्वाञ्चल स्तरीय घरेलु हिंसा विरुद्धको संजाल गठन भएको ।<br>• घरेलु हिंसा विरुद्धका मुद्धाहरुलाई कम गर्न सचेतनामूलक कार्य गरिरहेको ।<br>• महिलाहरुको नेतृत्व विकासमा सहयोग ।<br>• महिलाहरुको आन्तरिक संजाल तथा शाखागत समन्वय समिति गठन भै घरेलु तथा महिला हिंसाको क्षेत्रमा स्थानीय स्तरमा परिचालन ।<br>• आन्तरिक संजाल तथा शाखागत समन्वय समितिको माध्यमबाट स्थानीय स्तरमा लैंगिक बजेटको परिचालनमा सहयोग ।<br>• ३६० वटा सा.व.उ.स.का समितिहरुमा लैगिक समानता सम्बन्धि अभ्यासको शुरुवात<br>• आन्तरिक संजाल तथा शाखागत समन्वय समितिकाका सदस्यहरु मार्फत स्थानीय स्तरमा नै महिला तथा घरेलु हिंसाका घटनाहरु न्यूनीकरणका लागि मनोसामाजिक परामर्शको शुरुवात । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. संस्थागत रणनीति तयार ( कार्यक्रमलाई निश्चित विषय क्षेत्रमा मात्र केन्द्रित गरिने)
ख. लैगिक रणनीति तयार गरिएको ।
ग. राष्ट्रिय अभियानहरु पुरा गर्नका लागि ऋण परिचालनको व्यवस्था गरिएको ।
घ. consortium approach मा काम थालिएको ।
ङ. संस्थामा GMAC (Gender Mainstreaming Advisory Committee) गठन गरी कार्य आरम्भ गरिएको

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| गरिवी निवारण | • १२ हजार भन्दा वढीलाई आत्मा निर्मर वनाउन सहयोग गरेको<br>• १२३०० महिलाहरुलाई वचत तथा ऋण कार्यक्रममा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुऱ्याइएको ।<br>• ९७८ जनालाई ५५ वटा समूह पूर्व प्रवेश तालिम सम्पन्न ।<br>• ऋणहरुलाई कृषि व्यवसाय तालिम ५ वटा चुङमाग, आँखिसल्ला छिन्ताङ, डाडावजार र पाखीवास |
| वन वातावरण | • सुधारिएको चुल्हो मार्फन वन पैदावरमा कमी आएको ।<br>• नियमित दाउरा खपतमा कमी आएको । |
| वालवालिका | • पछिल्लो पल्ट १७ जना वालवालिकाहरुले औपचारिक शिक्षा प्राप्त गरेको ।<br>• १७ जना बालवालिकाले मनोसामाजिक परामर्श प्राप्त गरेको । |
| महिला सशक्तिकरण | • पूर्वाञ्चल स्तरीय नेटवर्क वनेको ।<br>• महिलाहरुको नेतृत्व विकासमा सहयोग पुगेको ।<br>• महिलाहरुको आन्तरिक संजाल तथा शाखागत समन्वय समिति गठन भै घरेलु तथा महिला हिंसाको क्षेत्रमा स्थानीय स्तरमा परिचालन भएको ।<br>• आन्तरिक संजाल तथा शाखागत समन्वय समितिको माध्यमबाट स्थानीय स्तरमा लैंगिक बजेटको परिचालन भएको<br>• ३६० वटा सा.व.उ.स.का समितिहरुमा लैगिक समानता सम्बन्धि अभ्यासको शुरुवात भएको ।<br>• आन्तरिक संजाल तथा शाखागत समन्वय समितिकाका |

| | |
|---|---|
| | सदस्यहरु मार्फत स्थानीय स्तरमा नै महिला तथा घरेलु हिंसाका घटनाहरु न्यूनीकरणका लागि मनोसामाजिक परामर्शको शुरुवात भएकोल । |
| ग्रामिण खानेपानी र सरसफाई | धनकुटा जिल्लामा काम नभएको । |
| वैकल्पीक उर्जा<br>सुधारिएको चुलो समेत | • ११९५ सुधारिएको चुल्हो निर्माण भएको |
| सामाजिक परिचालन | • ५ वटा गाविस( घोर्लिखर्क, आँखिसल्ला, हात्तिखर्क, कुरुले मुढेवास) सवै गाविसमा ९ वटाका दरले वडा नागरिक मन्च र प्रत्येक गाविस एउटा एउटा नागरिक सचेतना केन्द्र परिचालन भएको । |
| महिला हिंसा न्यूनीकरण | • महिलाहरुमा सचेतना वृद्धि भएको । |
| रोजगारी सिर्जना | • १२००० भन्दा वढीलाई स्वरोगजार सृजना गर्न सफल भएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

क. समुदायले विश्वास गरी सवै पक्षको माग गर्ने गरेको र समुदायको मागलाई आवश्कता अनुसार संवोधन गर्न नसक्नु ।

ख. धेरै जसो कार्यक्रम सचेतनामूलक मात्र भएकोले ठोस काम गर्न नसक्दा समुदायको विश्वास जित्न सकिदैन ।

ग. छोटो समयमा कतिपय परियोजनाहरु पुरा हुने हुदा निरन्तर दिगो विकास र प्रभावकारीतामा कम योगदान पुगेको

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. कार्यक्रमको विषय र क्षेत्र निर्धारण गरी कार्यक्रमलाई एकिकृत रुपमा संचालन गर्न सम्वन्धित संस्थाहरुवीच समन्वय कायम गर्नु पर्ने ।

ख. कार्यक्षेत्र र अनुभवका आधारमा कार्यक्रम कार्यान्वयन गर्न दिनु पर्ने ।

## ७.११ पर्डेप नेपाल

१. **गैर सरकारी संस्था को नाम :** गरिवी निवारण तथा ग्रामिण विकास कार्यक्रम (पर्डेप नेपाल) धनकुटा

२ **संस्थाको लक्ष्य :**

गरीव सुविधा विहिन तथा महिलाहरुको शसक्तिकरण गर्नु ।

३ **संस्थाको उद्देश्य**

- मानव जीवनलाई सार्थक वनाउन रचनात्मकपूर्ण कार्य गर्न समुदायलाई प्रोत्साहित गर्ने ।
- जोखिममा परेका विपन्न वर्गका समुदायलाई आवश्यक सहयोग तथा सेवाहरुको लागि विभिन्न विकास निर्माणका कार्यहरु संचालन गर्ने ।
- युवा, वालवालिका, महिला, दलित र वृद्ध वर्गहरुमा सामूहिक तथा पारस्परिक सहयोगको भावना विकास गरी उनीहरुको शारीरिक तथा मानसिक विकास गर्न रचनात्मक क्रियाकलाप तथा तालिम, गोष्ठी, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- समाजमा रहेको अन्ध विश्वास, विकृति तथा कु-संस्कारहरुलाई जनचेतनामूलक तथा जनजागरण शिक्षाका कार्यक्रमहरु संचालन गर्ने ।
- सामाजिक परिवर्तनकालागि लक्षित समुदायलाई विकासको मूलप्रवाहमा समाहित गरी स्वावलम्वी तथा दिगो आयआर्जन तर्फ उन्मूख गर्न तालिम गोष्ठी लगायत आवश्यक्ता अनुसार विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय तथा साझेदारी गर्दै पिछिडिएका वर्गहरुको जिवनस्तर उकास्ने खालका कार्यक्रमहरुको संचालन गर्ने ।
- ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमलाई दीगो र सर्वसुलभ गराउन प्रयत्न गर्ने ।
- सुशासन प्रवद्धनका लागि स्थानीय स्तरमा सहयोग गर्ने ।
- आय आर्जनको माध्यामबाट गरीवि न्यूनिकरण गर्ने ।
- कृषिमा ब्यवसायिकरण गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| ग्रामीण खानेपानी तथा सरसफाई नवौ समुह कार्यान्वयन चरण | खानेपानी आपूर्तीमा सहजता ल्याउने तथा खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना अमिवृद्धि गर्ने । | उ.स.को क्षमता अभिवृद्धि, चर्पी निर्माण एवं खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना वृद्धि<br>सार्वजनिक धारा ६५ र | |

| | | | |
|---|---|---|---|
| | | रानिटार आयोजनामा नीजि धारा ५४ वटा निर्माण ( तेह्रथुमका तीनवटा स्कीम समेत । | |
| सुधारिएको चुलो | सुधारिएको चुलो प्रवर्द्धनमा सहयोग गर्ने । | ११०२ सुधारिएको चुलो निर्माण भई करिव ५५०० जनसंख्या लाभान्वित भएका । डाँडागाउ, भिरगाउँ र चुङमाङ गाविस धुवामुक्त गाविस घोषणा भएको | |
| सामाजिक परिचालन कार्यक्रम( जि.वि.स) | गाविसहरु तथा नपामा सामाजिक परिचालन गर्ने । | वडा नागरीक मञ्च गठन नागरिक सचेतना केन्द्र गठन, योजना तर्जुमा प्रकृयामा लक्षित समूहको सहभागिता, | |
| दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | टोल वैठक,उ.स.राजनीतिक दल/संघसंस्था/सरकारी निकायहरुसंग कार्यक्रमको वारे छलफल, घरधुरी सर्भेक्षण आर्थिक तथा सामाजिक सर्मेक्षण प्रोफायल तयारी, सरस्फाई सम्वन्धी सचेतना गोष्ठी आदि गर्ने । | टोल टोलमा भएको छलफल र सरोकारवाला सरकारी तथा राजनीतिक दल र नागरिक समाजसंग भएको वैठकले आयोजना प्रति अपनत्व वृद्धि भएको । | |
| समुदाय व्यवस्थित सिचाइ कार्यकम | संस्थागत क्षमता विकास, तालीम, तथ्याङ्क संकलन, अनुगमन, कृषि उत्पादन वृद्धि गर्न योजना वनाउन समूहमा सहजीकरण गर्ने । | सान्नेटारमा कुलो वनाउने कार्य भैसकेको, लेउतीफाँटमा निर्माण हुदै गरेको । दुवै आयोजनामा कृषि विकास योजना तयार भएको । | |
| युवा साझेदारी कार्यकम | ध.न.पा.२, ३, ४ र ७ नं.वडाका करिव ८० जना व्यक्तिहरुलाई २/२ च्याउ खेती सम्वन्धी तालीम दिएको | तालीममा सहभागी भएका सवैले च्याउ उत्पादन गर्न सफल हुनुका साथै कतिपय व्यक्तिहरुले व्यवसायिकरुपमा च्याऊँ उत्पादन गर्न शुरु गरेको | |
| खुला दिशा मुक्त गाविस घोषणा गर्ने सम्वन्धमा सचेतना कार्यकम | ४ वटै गाविसमा गाविस स्तरीय कार्यकम गरेको र भेडेटार,वुढिमोरङ्ग र सान्ने गाविसमा केही वडाहरुमा वडास्तरीय कार्यकम्रम गरी सचेतना वृद्धि गर्ने कार्य भएको | गविसलाई खुलामुक्त क्षेत्र घोषणा गर्न गाविसस्तरीय र वडा स्तरीय संयन्त्र वनी घरघरमा सौचालय निर्माणको कार्यमा केही प्रगति हुन थालेको । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. समिक्षा, अनुगमन र पृष्ठपोषण लिने गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| स्वच्छ खानेपानी तथा सरसफाइको उपलब्धता | ६५ वटा सार्वजनिक धारा निर्माण<br>शहरी खानेपानी सम्वन्धी सहजीकरण<br>शौचालय निर्माणमा प्रगति भइरहेको । |
| सुधारिएको चुलो | ११०२ वटा सुधारिएको चुलो निर्माण<br>३ गाविस धुवाँमुक्त घोषणा भएका |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. खानेपानी मुहान व्यवस्थापनमा विवाद
ख. उपभोक्ताहरुको वित्तिय र श्रम सहभागिता जुटाउन कठिन ।
ग. आयोजनाहरु व्यक्तिगत प्राथमिकतामा परेको नदेखिएको ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. लक्षित समूह लक्षित कार्यक्रम तर्जुमा गर्नुपर्ने ।
ख. सरसफाइ अभियानलाई सशक्त बनाउनुपर्ने ।

## ८ सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्नेकाम स्थानीय निकायले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवलपक्षहरु निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

- गत वर्षको तुलनामा यो वर्ष केही सामाजिक सूचकहरु (स्वास्थ्यमा पहुँच, वाल स्वास्थ्य, प्रजनन् स्वास्थ्य, महिला हिंसा विरुद्धका गतिविधिहरु, सामाजिक परिचालन, रोजगारी वृद्धि लगायत) मा उपलब्धी देखिएकोछ । जसलाई यस वर्षको उपलब्धी शिर्षकमा माथी उल्लेख गरिएको छ ।
- प्रायजसो कार्यालयहरुले सामाजिक समावेशीकरण तथा लैंगिक अवधारणा अनुरुप खण्डिकृत तथ्यांकलाई व्यवस्थित गरेका छन् ।
- विकास गतिविधिहरुले लक्षित समूह प्रति लक्षित हुने तथा रोजगारी सिर्जना हुने प्रावधानलाई सुनिश्चित गर्न खोजेका छन् र सिर्जीत रोजगारीको अभिलेख समेत व्यवस्थित गरेका छन् ।
- जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र गैससहरुले समेत यथासक्य सामाजिक विकासमा जोड दिएका छन् । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सामाजिक विकासका लागि समन्वयकारी भूमिका खेल्नु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जसलाई जिविसले निरन्तरता दिएकोछ ।
- जिल्ला विकास समितिले आदिवासी तथा जनजाती समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिती र महिला समन्वय समितिहरुलाई बजेट तर्जुमामा पूर्णतः जिम्मेवार बनाएको देखिन्छ । ती समितिहरुले योजना छनौट र तर्जुमामा भाग लिई विषयगत वजेटहरु परिषदबाट स्वीकृत गराएका छन् । साथै प्राप्त बजेटहरुको कार्यान्वयन आफ्नो समितिको सिफारिसमा गराएका छन् ।
- जिल्लामा क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच जिविसको पहलमा सहकार्य र समन्वय भएको देखिएको छ ।
- जिल्ला विकास समितिले सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ । जसका लागि कर्मचारी, दलका प्रतिनिधिहरु, सामाजिक परिचालक, गाविसहरुलाई यथासक्य तालिम, अध्ययन अवलोकन भ्रमण गराएको छ ।
- जिल्ला विकास समितिले शिक्षा, स्वास्थ्य, महिला विकास, खानेपानी तथा सरसफाई र जिल्लामा कार्यरत विकास साझेदारहरुसँग समन्वयकारी भूमिका खेल्न संयोजकको भूमिका निर्वाह गरिरहेको छ ।
- सामाजिक विकास कार्यमा नागरिक संगठनहरुको भूमिका समेत उल्लेख्य देखिएको छ । खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।

## ९ सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु

जिल्ला विकास समितिले यथासक्य सामाजिक विकासमा जोड दिएको छ । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सहयोगी कर्मचारीहरु थप हुनु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जिविसले जिल्लाको समग्र सामाजिक विकासको समन्वय गर्नुपर्ने दायित्व पनि हो यसर्थ सामाजिक परीक्षणबाट स्थानीय निकायमा देखिएका चुनौतीहरु निम्नअनुसार रहेका छन् ।

- विषयगत निकायहरुले सामाजिक परीक्षण प्रकृयालाई सहयोग गरेकाछन् । यद्यपी सामाजिक परीक्षण सम्वन्धमा विषयगत निकायहरुमा प्रष्टता आइरहेको अवस्था देखिंदैन । जसका कारण सामाजिक जिम्मेवारीको क्षेत्र र ती क्षेत्रसँग सम्वन्धित सूचकहरुमा विषयगत स्पष्टतामा अझै पर्याप्तता देखिएको छैन ।
- भौतिक विकासबाट सामाजिक लक्ष्य पुरा भए नभएको अभिलेख राख्न अझै पनि सबै निकायले सकिरहेको अवस्था छैन ।
- हरेक निकायले सामाजिक परीक्षण निर्देशिकाले तय गरेका न्यूनतम् सूचकहरुको आधारमा सूचना अद्यावधिक गर्न सकेको देखिंदैन ।
- सामाजिक विकासको दृष्टिले पिछडिएको क्षेत्रमा भएको लगानीको प्रभावकारीता अनुगमन गर्न आवश्यक छ ।
- भौतिक पूर्वाधार निर्माणले आर्थीक विकासका साथ साथै सामाजिक पहुँच गम्यता, समावेशीकरण, विकासको समान सहभागिता जस्ता सामाजिक विकास सूचकहरु समेतको प्राप्तीमा जोड दिनु पर्दछ ।
- जिल्लाका कार्यालयहरुले प्रयोग गर्ने आधार तथ्यांक एकरुपता हुन चुनौती देखिएकोछ । जसले गर्दा जिल्लाको समग्र उपलब्धि मापन गर्न सहजता प्राप्त हुन्छ ।
- विभिन्न कार्यालयहरु मार्फत भइरहेका सामाजिक परिचालन प्रक्रियाहरुबाट प्राप्त उपलब्धीहरुलाई एकिकृत गर्न पर्दछ ।
- विद्यमान स्रोत, साधनबाट प्राप्त उपलब्धीको दिगोपनाको सुनिश्चितता र प्राप्त सबै प्राकृतिक स्रोतहरुलाई विकास प्रवाहसँग जोड्न सकिएको छैन ।
- प्रकोप जोखिम न्यूनीकरण तर्फ समेत सामाजिक लेखाजोखाका सूचकहरु बन्नु पर्दछ ।

## १० सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

- सामाजिक परीक्षणमा देखिएका कमजोर सूचकहरुको वृद्धिका लागि स्थानीय निकायले नेतृत्व दायी भूमिका निर्वाह गर्नुपर्दछ ।
- विकास गतिविधिहरुले सामाजिक उपलब्धि हासिल गर्न तर्फ लक्षित गर्नुपर्दछ । जस्तै : विद्यालयमा पहुँच नभएका २.२५ प्रतिशत बालवालिकाहरुका पहुँच सुनिश्चित गराउने । उत्तिर्ण प्रतिशतलाई १०० प्रतिशत बनाउन प्रयत्न गराइनु पर्दछ । कक्षा दोहोर्‍याउने दर घटाउने । साथै खानेपानी तथा शौचालय सुविधा नभएका विद्यालयहरुमा खानेपानी आपूर्ति तथा शौचालय निर्माण तथा व्यवस्थापनमा जोड दिने तर्फ लगानी प्रवर्द्धन गर्नुपर्दछ ।
- जिल्ला विकास समिति अन्तर्गत हुने सबै कार्यालयहरुले प्रयोग गर्ने आधारभूत तथ्यांकमा एकरुपता ल्याई सामाजिक विकास उपलब्धि मापन गरिनु पर्दछ । जस्तै : घरधुरी संख्या, समग्र जनसंख्या, ५ वर्ष मुनीका वालवालिकाको संख्या आदि । जिविसले यसका लागि डाटाबेस प्रणाली विकसित गराउन सक्दछ ।
- सामाजिक विकास सूचकहरुको बारेमा सरोकारवाला निकायहरुलाई प्रष्ट पार्नु पर्दछ र वार्षिक समिक्षा वैठकहरु विकास सूचकहरुको आधारमा सम्पन्न गर्नुपर्दछ ।
- भौतिक पूर्वाधार निर्माण, वन तथा वातावरण प्रवर्द्धन, बाट हुने सामाजिक नतिजाको लेखाजोखा र समग्र सूचना व्यवस्थापन हुने परिपाटी विकास गर्नुपर्दछ ।
- जिल्लाको कुनै पनि विकास कार्यबाट भएका सामाजिक प्रतिफलको प्रभाव मूल्यांकन समेत गर्नुपर्दछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा, विद्यालय र सेवा केन्द्रसम्म जनसमुदायको पहुँच अभिवृद्धि गर्ने तर्फ केन्द्रित हुनु पर्दछ । जसले गर्दा जनसमुदायको स्वास्थ्य केन्द्र, विद्यालय, अन्य सेवा केन्द्र र बजार तर्फ पुग्न छिटो र सजिलो हुन सकोस् ।
- लक्षित वर्ग केन्द्रित बजेटको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा सुपरीवेक्षण गर्न अपरिहार्य रहेको छ । साथै उक्त क्षेत्रमा गाविस स्तरमा भए गरेका उपलब्धीहरुको समेत लेखाजोखाको समष्टीगत प्रतिवेदनहरु तयार गर्नु पर्दछ ।
- सामाजिक परीक्षणलाई निरन्तरता दिनु पर्दछ र यो प्रकृयालाई विषयगत कार्यालयहरु गाविसस्तरमा समेत अभ्यास गर्नुपर्दछ ।

## सामाजिक परीक्षक


विदुर सुवेदी<br>
धनकुटा ७, डाँडागाउँ<br>
सम्पर्क नं. : ९८५२०६०७९७<br>
इमेल : subedibg@gmail.com<br>
सम्पर्क : हुसाडेक नेपाल, धनकुटा ७, डाँडागाउँ


मिति : २०६९ कार्तिक २९ गते ।

**सन्दर्भ पुस्तक तथा सामग्रीहरु :**


- सरकारी कार्यालयहरुको वार्षिक समिक्षा प्रतिवेदन आ.व. २०६९-७०, जिविसको कार्यालय,
- गैरसरकारी संस्थाहरुको वार्षिक प्रगति समीक्षा प्रतिवेदन आ.व. २०६९-७०, जिविसको कार्यालय, धनकुटा
- वार्षिक प्रगती विवरण आ.व. २०६९-७०, जिल्ला विकास समितिको कार्यालय, धनकुटा
- जिविसको सामाजिक परीक्षण प्रतिवेदन २०६९
- स्थानीय स्वायत्त शासन ऐन २०५५
- स्थानीय स्वायत्त शासन नियमावली २०५६
- स्थानीय निकाय स्रोत परीचालन निर्देशिका २०६९
- दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका २०६५, उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय ।
- आदिवासी, जनजाति जिल्ला समन्वय समिति गठन गर्ने सम्वन्धी निर्देशिका
- जिल्ला परिषदका निर्णयहरु (आर्थिक वर्ष २०६८-६९ र २०६९-७०
- जिल्ला पार्श्वचित्र, धनकुटा
- जिल्ला विकास योजना २०६८/६९
- जिल्ला विकास योजना २०६९/७०
- जिल्ला जनसंख्या पार्श्वचित्र २०६९/७०, जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा
- महिला विकास कार्यक्रम संक्षिप्त चिनारी एवम् महिला तथा वालवालिका माथि हुने हिंसाका स्वरुपहरु, महिला तथा वालवालिका कार्यालय, धनकुटा
- सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण पुस्तिका, जिविसको कार्यालय, धनकुटा ।